# आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको मार्गदर्शन (दोस्रो संस्करण)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राष्ट्रिय तथ्याङ्क कार्यालय

२०८२



शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकारी

# कार्यक्रम सञ्चालन मार्गर्शन, २०८२

## १.पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन बमोजिम गर्ने व्यवस्था गरेको छ। तथ्याङ्क व्यवस्थापनको विषयमा सरकारका तिनै तहलाई अधिकार प्रदान गरेको छ। सङ्घीय निकायको जिम्मेवारी तथ्याङ्क प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्नु; राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तरको निर्धारण र पालना गर्नु गराउनु; राष्ट्रियस्तरका गणना तथा सर्वेक्षण सञ्चालन गर्नु; अन्य विभिन्न स्रोतबाट तथ्याङ्क उत्पादन तथा आपूर्ति गर्नु आदि तोकिएको छ। यस्तै, प्रदेश सरकारले प्रदेश तथ्याङ्क व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी तोकिएको छ भने, स्थानीय तहले स्थानीय तथ्याङ्क र स्थानीय अभिलेखको व्यवस्थापन गर्ने गरी जिम्मेवारी तोकिएको छ। त्यसैगरी सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा व्यक्तिगत घटनाका तथ्याङ्क जस्तोः जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ आदि रहेको छ।

तथ्याङ्क ऐन, २०७९ मा राष्ट्रिय तथ्याङ्क कार्यालय लगायतका सरकारी निकाय (सङ्घ, प्रदेश र स्थानीय तह) तथा सार्वजनिक संस्था अन्तर्गत सञ्चालन हुने तथ्याङ्कीय क्रियाकलाप तथा तिनले सङ्कलन गरेका तथ्याङ्क एकीकृत प्रणालीमा आबद्ध गर्न राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने तथा तथ्याङ्कसम्बन्धी राष्ट्रिय मानक र गुणस्तर निर्धारण गर्ने व्यवस्था गरिएको छ। तथ्याङ्क नियमावली, २०८० मा निर्धारित तथ्याङ्कका साथै व्यवस्थापन सूचना प्रणाली सुधारको लागि समन्वय संयन्त्रको व्यवस्था गरिएको छ।

दिगो विकास लक्ष्यका अधिकांश सूचकहरूको आँकडा उपलब्ध गराउने जिम्मेवार निकाय राष्ट्रिय तथ्याङ्क कार्यालय हुने व्यवस्था गरिएको छ भने, आवधिक योजनाको तर्जुमा, पुनरावलोकन र अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक डाटा पनि राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतले नै उत्पादन तथा वितरण हुनपर्ने जिम्मेवारी रहेको छ। साथै प्रदेश सरकार र स्थानीय सरकारहरू पनि आफूलाई चाहिने तथ्याङ्क उत्पादन गर्न सक्षम नभएको अवस्था रहेको छ।

यी यावत् तथ्याङ्क सम्बन्धी माग सम्बोधन गर्न आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत सञ्चालन गरिने कार्यक्रमलाई व्यवस्थित गरी प्रभावकारी र नतिजामुखी बनाउनु तथा दिगो विकास लक्ष्य, आवधिक योजनाका परिमाणात्मक लक्ष्य, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय आवश्यता परिपूर्ति गर्ने दिशामा अभिमुख गराई कार्यक्रम सञ्चालनमा एकरुप, प्रभावकारी र नीति अनुरुप बनाउन कार्यक्रम सञ्चालन मार्गर्शन, २०८२ तयार गरिएको छ।

## २. राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतबाट सञ्चालन गरिने कार्यक्रम तर्जुमाका आधारहरू

क) नेपालको संविधान

ख) तथ्याङ्क ऐन, २०७९



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

ग) तथ्याङ्क नियमावली, २०८०

घ) तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो

ङ) सोह्रौं योजना

च) दिगो विकास लक्ष्य

छ) आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

ज) आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य

झ) संघीय, प्रदेशिक र स्थानीय सरकारसँगको समन्वय

## ३. राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतबाट सञ्चालन गरिने कार्यक्रम तर्जुमाका प्राथमिकताहरू

क) संघ, प्रदेश र स्थानीय तहमा आवश्यक तथ्याङ्कको माग सम्बोधन गर्न योगदान पुर्याउने,

ख) राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध आधिकारिक तथ्याङ्कलाई मजबुत गर्न योगदान पुर्याउने,

ग) तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति, दोस्रोको प्रभावकारी कार्यान्वयनमा योगदान पुर्याउने,

घ) सोह्रौं योजनामा समावेश परिमाणात्मक लक्ष्यको अनुगमन तथा मूल्याङ्कन र प्रगति समीक्षामा योगदान पुर्याउने,

ङ) दिगो विकास लक्ष्य सूचकहरूको अनुगमन तथा मूल्याङ्कन र प्रगति समीक्षामा योगदान पुर्याउने,

च) विश्वविद्यालय लगायतका शैक्षिक संस्था तथा अनुसन्धान प्रतिष्ठानहरुको अध्ययन एवं अनुसन्धानमा योगदान पुर्याउने,

छ) तथ्याङ्क सङ्कलन, प्रशोधनका आधुनिक विधिहरू (Big data and Citizen Generated data) प्रयोगमा योगदान पुर्याउने, र

ज) अल्पसङ्ख्यक जातजाति, भाषा, सँस्कृति लगायतका विषयको खोज अनुसन्धानमा योगदान पुर्याउने।

## ४. राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालय मार्फत सञ्चालन गरिने कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू

क) राष्ट्रिय तथ्याङ्क कार्यालयका शाखाले कार्यक्रम तर्जुमा गर्दा तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र तथा क्षेत्राधिकारलाई विशेष ध्यान दिनुपर्छ। तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्रभित्र पर्ने स्थानमा नै सञ्चालन गर्ने गरी कार्यक्रमको क्षेत्र निर्धारण गर्ने।

ख) राष्ट्रिय तथ्याङ्क कार्यालयका शाखाले कार्यक्रम तर्जुमा गर्दा तथ्याङ्क समन्वय कार्यालयको जनशक्ति, क्षमता तथा प्रयोग गरिने प्रविधिमा विशेष ध्यान दिई कार्यान्वयनयोग्य र परिणाममुखी कार्यक्रम मात्र छनौट गर्नुपर्छ ।

## ५. कार्यक्रम सञ्चालन

स्वीकृत कार्यक्रमहरू नेपाल सरकारको आर्थिक ऐन, कानुन, कार्यविधि तथा कार्य सञ्चालन निर्देशिका बमोजिम सञ्चालन गर्ने ।



शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकृत

६. विविधः

(क) राष्ट्रिय तथ्याङ्क कार्यालयका शाखा र तथ्याङ्क समन्वय कार्यालयले स्वीकृत कार्ययोजना र यस मार्गदर्शन बमोजिम कार्यक्रम सञ्चालन गर्ने,

(ख) राष्ट्रिय तथ्याङ्क कार्यालयका शाखाहरुले तथ्याङ्क सङ्कलनका लागि तथ्याङ्क समन्वय कार्यालयमा कर्मचारी माग गर्दा उक्त गणना/ सर्वेक्षण/ अध्ययनको सेवा सुविधाबारेमा लिखित रुपमा प्रष्ट जानकारी गराउने।

(ग) तथ्याङ्क समन्वय कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालयका शाखाबाट कर्मचारी मागको पत्र प्राप्त भएको मितिले ७ दिनभित्र कर्मचारीको नामावली पठाउने तथा विशेष परिस्थिति बाहेक उक्त कर्मचारीले काम छोड्न नपाउने।

(घ) तथ्याङ्क समन्वय कार्यालयले भाद्र महिनाभित्र आफ्नो कार्यक्षेत्रभित्रका विभिन्न स्थानको यातायात भाडा दरको अद्यावधिक विवरण आर्थिक प्रशासन फाँट र राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक प्रशासन शाखालाई उपलब्ध गराउने।

(ङ) खर्च प्रक्रिया प्रचलित कानुन बमोजिम गर्ने/गराउने।

७. आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम सम्बन्धी मार्गदर्शन

(क) प्रमुख कार्यक्रम

(१) राष्ट्रिय आर्थिक गणना, २०८२
(२) व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२
(३) निजी शिक्षण संस्था सम्बन्धी सर्वेक्षण, २०८२ को नतिजा प्रकाशन
(४) सडक यातायात सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२
(५) औद्योगिक सर्वेक्षण, २०८३ को पूर्व तयारी कार्य
(६) मत्स्यपालन सर्वेक्षणको पूर्व तयारी कार्य
(७) अस्थायी बालीको उत्पादन लागत अनुमान सर्वेक्षण, २०८२
(८) निजी स्वास्थ्य सेवा प्रदायक सर्वेक्षण, २०८२
(९) त्रैमासिक, वार्षिक तथा प्रादेशिक राष्ट्रिय लेखाका अनुमान तयार गर्ने
(१०) Sequence of Accounts तयार गर्ने
(११) राष्ट्रिय लेखा श्रृङ्खलाको Back Casting कार्य
(१२) आपुर्ति र उपयोग तालिका (SUTs) निर्माण कार्यक्रम
(१३) आगत र निर्गत (IOTs) तालिका निर्माण कार्यक्रम
(१४) त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकांक तयारी कार्य



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

(१५) कृषि उत्पादन मूल्य सूचकांक अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च/यातायात खर्च र फिल्ड सुपरिवेक्षण

(१६) निर्माण क्षेत्रको सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन कार्य

(१७) आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२

(१८) विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्बन्धी सर्वेक्षण, २०८२

(१९) SEEA Ecosystem Accounting अन्तर्गत Forest Account तयारी सम्बन्धी कार्यक्रम

(२०) Compendium of Environment Statistics प्रकाशन कार्य

(२१) नेपाल श्रमशक्ति सर्वेक्षण, २०८२

(२२) राष्ट्रिय जनगणना, २०७८ का विषयगत तथा विश्लेषणात्मक थप प्रतिवेदन सार्वजनिक

(२३) राष्ट्रिय अपाङ्गता सर्वेक्षण, २०८२

(२४) नेपाल बहुसूचक सर्वेक्षण, २०८१ को नतिजा प्रकाशन

(२५) NMICS Plus को पूर्व तयारी कार्य

(२६) लैङ्गिक तथ्याङ्क लिफलेट र सामाजिक तथ्याङ्क पुस्तिका प्रकाशन कार्य

(२७) गणना क्षेत्र नक्सा अद्यावधिक कार्य

(२८) Database Management, Server Management, Networking, Data Security, Cyber Security, AI आदि Cutting Edge Technology सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

(२९) तथ्याङ्क समन्वय कार्यालयहरुको सूचना प्रविधिको आवश्यकता पहिचान तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी सुपरीवेक्षण अनुगमन कार्य

(३०) तथ्याङ्क समन्वय कार्यालयहरुको वेवसाइट व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम

(३१) सहकारी सर्वेक्षण, २०८२

(३२) तथ्याङ्कीय क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रमः GDP Compilation, तथ्याङ्क विश्लेषण गर्ने R र STATA सफ्टवेयर, तथ्याङ्क Entry गर्ने (CSpro) लगायत तालिम

(३३) त्रैमासिक तथ्याङ्क गतिविधि, नेपालको तथ्याङ्कीय झलक २०८३, Nepal in Figure 2026 र Statistical Year Book 2025 प्रकाशन गर्ने

(३४) Micro Data Catalogue अद्यावधिक गर्ने

(३५) राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयको अनुशिक्षण सहितको अनुगमन कार्य

(३६) राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सञ्चालन

(३७) त्रैमासिक तथा अर्धवार्षिक समीक्षा कार्यक्रम

(३८) वार्षिक प्रगति प्रतिवेदन प्रकाशन

(३९) तथ्याङ्क समन्वय कार्यालयहरुको तथ्याङ्कीय क्रियाकलापहरु र कार्यालयको अनुगमन



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

(४०) तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम

(४१) स्थानीय तहहरुमा तथ्याकीय साक्षरता कार्यक्रम

(४२) स्थानीय तहको प्रोफाइल तयारी तथा प्रकाशन कार्यक्रम

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

**(ख) कार्यक्रम सम्बन्धी मार्गदर्शन**

(१) राष्ट्रिय आर्थिक गणना, २०८२

| | |
|---|---|
| परिचय | नेपालमा प्रथम राष्ट्रिय आर्थिक गणना वि.स. २०७५ सालमा भएको थियो भने दोस्रो राष्ट्रिय आर्थिक गणना यस आर्थिक वर्षमा हुनेछ। प्रत्येक पाँच वर्षमा सञ्चालन गरिने यस देशव्यापी कार्यक्रमबाट मुलुकको दिगो विकासको लागि आवश्यक पर्ने आधारभूत आर्थिक तथ्याङ्क प्राप्त हन्छ। आर्थिक गणनाबाट प्राप्त तथ्याङ्क राष्ट्रको आर्थिक विकासको लागि भरपर्दो आधार हुनेछ। |
| उद्देश्य | • प्रतिष्ठान र व्यवसायहरूको व्यावसायिक गतिविधि तथा वित्तीय पक्षसहितको वर्तमान अवस्थाका आधारभूत तथ्याङ्क उपलब्ध गराउने,<br>• केन्द्र, प्रदेश र स्थानीय सरकारलाई योजना तर्जुमा र नीति निर्माणका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,<br>• राष्ट्रिय लेखा प्रणालीलाई सुदृढ पार्न आवश्यक तथ्याङ्क प्रदान गर्ने,<br>• तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माणका लागि आधार तयार गर्ने,<br>• सम्बन्धित क्षेत्रका व्यवसायी, प्राज्ञिक अनुसन्धानकर्ता र अन्य तथ्याङ्क प्रयोगकर्तालाई व्यवसाय विकासका नीति तथा योजना निर्माण र अनुसन्धानका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने<br>• विभिन्न विषयगत आर्थिक सर्वेक्षणहरूको लागि फ्रेम डाटा उपलब्ध गराउने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक गणना शाखा र आर्थिक गणनाका लागि स्थापना हुने ८४ जिल्ला आर्थिक गणना कार्यालय |
| लागत | रु ७१ करोड |
| स्वीकृत बजेट | रु ३३ करोड ९२ लाख |
| गणना विधि | प्रत्येक वडाका प्रत्येक प्रतिष्ठानमा पुगेर आर्थिक गणनाको परिभाषाले समेट्ने सरकारी, गैर-सरकारी, निजी, सहकारी तथा गैर-नाफामूलक संस्था लगायत औपचारिक तथा अनौपचारिक रूपमा आर्थिक क्रियाकलापमा संलग्न सबै प्रतिष्ठानहरूको विवरण संकलन गरिने।<br>गणकहरुले प्रत्यक्ष अन्तर्वार्ता मार्फत विवरण संकलन गर्ने। साथै प्रतिष्ठानहरू जसले e-Census मार्फत विवरण भर्न चाहेको खण्डमा सो सुविधा समेत उपलब्ध गराइने। |
| प्रश्नावली तथा निर्देशिका निर्माण | प्रश्नावलीमा प्रतिष्ठानको नाम, ठेगाना, आर्थिक गतिविधिको प्रकार, स्वामित्वको अवस्था, रोजगार संख्या, उत्पादन वा बिक्री तथा पूर्वाधार आदि समेटेको प्रश्नावली तथा इ- |



शाखा अधिकृत

निर्देशक

उप-प्रमुख तथ्याङ्क अधिकारी

प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| | सेन्सस मार्फत विवरण भर्न चाहने प्रतिष्ठानका लागि इ-सेन्सस वेभ एप्लिकेसन तयार २०८२ असोज महिनाभित्रमा सम्पन्न हुने। |
| प्रशिक्षक प्रशिक्षण तालिम | २०८२ फागुन |
| कार्यलय स्थापना | काठमाडौं जिल्लामा ५, झापा जिल्लामा २, मोरङमा २, रुपन्देहीमा २ र अन्य बाँकी जिल्लामा १-१ गरी जम्मा ८४ जिल्ला आर्थिक गणना कार्यालयको स्थापना २०८२ चैत्र १ हुने। |
| जनशक्ति | ✓ राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयका कर्मचारी र करार जनशक्ति<br>✓ ५२६ सुपरिवेक्षक र ३,९१३ गणक करार नियुक्ति गर्ने। |
| नियुक्ति | सुपरिवेक्षक तथा गणकको करार नियुक्ति २०८२ चैत्र १६ गते देखि १८ सम्म |
| तालिम | फिल्ड सुपरिवेक्षक तथा फिल्ड गणकको तालिम २०८२ चैत्र १९ देखि २०८२ चैत्र २३ सम्म |
| सूचीकरण कार्य | मुख्य फिल्ड कार्यसँगै सुचीकरण कार्य हुने |
| मुख्य फिल्ड | २०८२ चैत २५ देखि २०८३ जेठ मसान्त सम्म |
| अपेक्षित प्रतिफल | गणनाको फिल्ड कार्य सम्पन्न भए पछि आर्थिक गणनाको लगत प्रशोधनका लागि आधार तयार हुने । |
| अभिलेख प्रतिवेदन | जिल्ला आर्थिक गणना कार्यालयले कार्य सम्पन्न गरीसकेपछि स्थलगत तथ्याङ्क सङ्कलनको प्रगती, गणना कार्यमा भएका अनुभव, समस्या र समस्या समाधानको लागि चालिएका उपाय सहितको विस्तृत प्रतिवेदन तयार गरी केन्द्रमा समेत पठाउने र राष्ट्रिय तथ्याङ्क कार्यालयको आर्थिक गणना शाखामा अभिलेख राख्ने। |

(२) व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२

| | |
|---|---|
| परिचय | अर्थतन्त्रमा सबैभन्दा ठूलो हिस्सा ओगटेको कृषि क्षेत्र अन्तर्गत तरकारी बाली एउटा प्रमुख क्रियाकलाप हो। पछिल्लो समयमा तरकारी बाली व्यावसायीकरण हुँदै गइरहेको सन्दर्भमा राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिलो पटक व्यावसायिक तरकारी बाली सर्वेक्षण यस आर्थिक वर्षमा हुनेछ। राष्ट्रिय लेखा अनुमान तथा आधार वर्ष परिवर्तन प्रयोजनका लागि सञ्चालन गर्न लागिएको यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्क नीति योजना तर्जुमा र राष्ट्रको आर्थिक विकासको लागि भरपर्दो आधार हुनेछ। |
| उद्देश्य | • वार्षिक, त्रैमासिक र प्रादेशिक राष्ट्रिय लेखा अनुमान तथा आधार वर्ष परिवर्तन प्रयोजनका लागि तरकारी बालीसँग सम्बन्धित तथ्याङ्क उपलब्ध गराउने,<br>• व्यावसायिक तरकारी बालीको अवस्था, बनोट, प्रकृति, उत्पादन, क्षेत्रफल, उत्पादकत्व, बजार माग, पहुँच, मूल्य निर्धारण, बिक्री वितरण, उन्नत बीउ, मलखाद, सिँचाइ, कीटनाशक विषादीहरूको प्रयोगको अवस्था जानकारी गराउने, |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| | • तरकारी बाली व्यवसायबाट सिर्जित रोजगारी, आधुनिक उपकरणहरुको प्रयोग अवस्था र लागतका बारेमा जानकारी प्राप्त गर्ने,<br>• तरकारी खेती गर्ने किसानहरूले भोगिरहेका मुख्य समस्याको पहिचान गर्ने,<br>• योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यङ्कन र अध्ययन/अनुसन्धान गर्न तथ्याङ्क उपलब्ध गराउने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा पशुपन्छी गणना शाखा र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु १ करोड २९ लाख ४३ हजार |
| सर्वेक्षण विधि | नेपालका नमूना छनौटमा परेका जिल्ला तथा स्थानहरु |
| प्रश्नावली तथा निर्देशिका निर्माण | २०८२ असोज |
| जनशक्ति | ✓ सूचीकरण: तथ्याङ्क समन्वय कार्यालयमा कार्यरत तथ्याङ्क सहायक/गणक/खरिदार<br>✓ मुख्य फिल्ड: ४५ दिनका लागि ३६ जना गणक करारमा |
| नियुक्ति | २०८२ पुष तेश्रो हप्ता |
| सूचीकरण तालिम | २०८२ साउन चौथो हप्ता |
| सूचीकरण कार्य | व्यवसायिक रूपमा खेती गरिएका सबै फर्म तथा कृषकहरुको सूचीकरण २०८२ भाद्र र असोज महिनामा गर्ने |
| नमूना छनौट | कृषि तथा पशुपन्छी गणना शाखाले फर्म वा कृषक छनौट पुषको पहिलो हप्तामा गर्ने |
| मुख्य फिल्ड तालिम | २०८२ पौष तेश्रो हप्ता |
| मुख्य फिल्ड | २०८२ माघ र फाल्गनु |
| डाटा प्रविष्टि करार नियुक्ति | २०८२ फाल्गुन चौथो हप्ता |
| डाटा प्रविष्टि | २०८२ चैत्र र २०८३ बैशाख |
| नतिजा प्रकाशन | २०८३ जेष्ठ |
| अपेक्षित प्रतिफल | सर्वेक्षण सम्पन्न भए पछि व्यावसायिक तरकारी बाली सर्वेक्षण २०८२/८३ को प्रतिवेदन तयार हुने। |
| अभिलेख प्रतिवेदन | तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरेपछी तथ्याङ्क समन्वय कार्यालयले स्थलगत तथ्याङ्क सङ्कलनमा आइपरेका समस्या र समस्या समाधानको लागि चालिएका उपाय सहितको विस्तृत प्रतिवेदन तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा पशुपन्छी शाखामा पठाउने। |



शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधि

(३) निजी शिक्षण संस्था सम्बन्धी सर्वेक्षण, २०८२ को नतिजा प्रकाशन

| | |
|---|---|
| परिचय | व्यक्तिको सर्वाङ्गिण विकास एवम् मानवीय सशक्तिकरणको आधारशिलाको रुपमा शिक्षालाई लिने गरिएको छ। नेपालमा सामुदायिक विद्यालयसँगै निजी शैक्षिक संस्थाहरुको उल्लेख्य रुपमा उपस्थिती रहेको छ। निजी शिक्षण संस्थाले रोजगारी सिर्जना, निजी पुँजीको शैक्षिक प्रतिष्ठानमा लगानी लगायत शैक्षिक विकासमा योगदान दिएको पाईन्छ। यसै परिपक्षमा निजी शिक्षणले समग्र अर्थतन्त्रमा पुऱ्याएको योगदानको मापनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिलो पटक निजी शिक्षण संस्थाहरुको सर्वेक्षण आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरी यस आर्थिक वर्षमा सोको नतिजा प्रकाशन कार्य गर्नेछ। |
| उद्देश्य | • शैक्षिक क्षेत्रमा संलग्न जनशक्ति र रोजगारीको अवस्थाको बारेमा जानकारी उपलब्ध गराउन,<br>• अर्थतन्त्रमा शिक्षा क्षेत्रले पुर्‍याएको योगदानको मापन गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउनु, र<br>• शैक्षिक क्षेत्रमा काम गर्ने व्यवसायी, नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता तथा अन्य प्रयोगकर्ताहरूलाई यस क्षेत्रसँग सम्बन्धित तथ्याङ्क उपलब्ध गराउनु। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा | राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखा |
| स्वीकृत बजेट | रु ११ लाख ३६ हजार |
| नतिजा प्रकाशन | २०८२ कार्तिक चौथो हप्ता |
| अपेक्षित प्रतिफल | • सरकारी बाहेकका शैक्षिक प्रतिष्ठानहरुमा संलग्न जनशक्ति रोजगारी, लगानी, स्थायी सम्पत्ति, आम्दानी एवम् खर्च लगायतका विविध विषयमा तथ्याङ्क उपलब्ध हुने, र<br>• राष्ट्रिय लेखा अनुमान तथा आधार वर्ष परिवर्तनको लागि वस्तुगत आधार तयार हुने तथा यस क्षेत्रसँग सम्बन्धित तथ्याङ्क अद्यावधिक हुने। |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिष्ठान गणना शाखाबाट नतिजा प्रतिवेदन तयार हुने। |

(४) सडक यातायात सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२

| | |
|---|---|
| परिचय | नेपालको स्थल यातायातको अवस्था, संरचना, लगानी, रोजगारी सिर्जना र अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिलो पटक आर्थिक वर्ष २०६९/७० मा यस क्षेत्रसँग सम्बन्धित सर्वेक्षण गरेको थियो। तिनै तथ्याङ्कलाई अद्यावधिक गर्न तथा राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन गर्न लागि यस आर्थिक वर्षमा यो सर्वेक्षण गर्न लागिएको हो। यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्क नीति योजना तर्जुमा र राष्ट्रको आर्थिक विकासको लागि भरपर्दो आधार हुनेछ। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय
शाखा अधिकृत for निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| उद्देश्य | • नेपालमा सार्वजनिक स्थल यातायात क्षेत्रको विद्यमान संरचना पहिचान गर्ने,<br>• राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान मापन गर्ने,<br>• यस क्षेत्रमा संलग्न जनशक्ति, रोजगारी अवस्था र योगदानको मापन गर्ने, र<br>• नीति निर्माता, योजना तर्जुमा एवम् कार्यान्वयनसँग सम्बन्धित निकाय र अनुसन्धानकर्ताका लागि तथ्याङ्क उपलब्ध गराउने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखा र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु १ करोड ४१ लाख २० हजार |
| सर्वेक्षण विधि | नमूना छनौट विधिबाट |
| प्रश्नावली तथा निर्देशिका निर्माण | २०८२ मंसिर |
| प्रशिक्षक प्रशिक्षण तालिम | २०८२ पुष |
| जनशक्ति | ✓ सूचीकरण: तथ्याङ्क समन्वय कार्यालयमा कार्यरत तथ्याङ्क सहायक/गणक/खरिदार<br>✓ मुख्य स्थलगत तथ्याङ्क सङ्कलन कार्य: २ महिनाको लागि करिब ५० जना गणक करारमा लिने |
| नियुक्ति | गणकको नियुक्ति तथ्याङ्क समन्वय कार्यालयले गर्ने |
| सूचीकरण तालिम | प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखाबाट भाद्र पहिलो हप्ता |
| सूचीकरण कार्य | • तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र भित्रका जिल्लाहरुमा रहेका यातायात व्यवसायीहरुको संघ/संगठन/समितिको सूची अद्यावधिक गर्ने।<br>• प्राप्त सबै संघ/संगठन/समिति अन्तर्गत सञ्चालित सवारी साधनहरूको विवरण राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराएको सूचीकरण फाराम अनुसार संकलन गर्ने।<br>• स्थानीय स्तरमा संघ/संगठन/समितिमा आवद्ध नभई व्यक्तिगत रुपमा सार्वजनिक यातायात सेवा प्रदान गर्ने सवारी साधनहरु रहेछन् भने यी सवारी साधनहरुको विवरण पनि सूचीकरणमा समावेश गर्ने।<br>• सूचीकरण कार्य २०८२ भाद्र गर्ने। |
| नमूना छनौट | यातायात व्यवसायीहरुको संघ/संगठन/समितिको सूची अद्यावधिक पश्च्यात नमूना छनौट गरिने। |
| मुख्य फिल्ड तालिम | २०८२ मंसिर चौथो र पुष पहिलो हप्ता |
| मुख्य फिल्ड | २०८२ माघ र फाल्गुन |
| डाटा प्रविष्ट | २०८२ फाल्गुन देखि चैत्र सम्म |
| नतिजा प्रकाशन | अर्को आर्थिक वर्ष |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| अपेक्षित प्रतिफल | नेपालमा सार्वजनिक स्थल यातायात क्षेत्रको विद्यमान संरचना पहिचान; राष्ट्रिय अर्थतन्त्रमा योगदान मापन; सिर्जित रोजगारी अवस्था र योगदान; नीति निर्माता, योजना तर्जुमा एवम् कार्यान्वयनसँग सम्बन्धित निकाय र अनुसन्धानकर्ताका लागि तथ्याङ्क उपलब्ध हुने। |
| अभिलेख प्रतिवेदन | तथ्याङ्क समन्वय कार्यालयले कार्य सम्पन्न गरीसकेपछि स्थलगत तथ्याङ्क सङ्कलनमा आइलागेका समस्या र समस्या समाधानको लागि चालिएका उपाय सहितको विस्तृत प्रतिवेदन तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखामा पठाउने। |

(५) औद्योगिक सर्वेक्षण, २०८३ को पूर्व तयारी कार्य

| | |
|---|---|
| परिचय | देशभर सञ्चालनमा रहेका औद्योगिक प्रतिष्ठानहरूको संख्या, उत्पादन, लगानी, रोजगारी, लागत संरचना, ऊर्जा प्रयोग, तथा अन्य आर्थिक गतिविधिबारे अद्यावधिक र विश्वसनीय तथ्याङ्क संकलन गर्ने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयले औद्योगिक सर्वेक्षण पहिलो पटक आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन गरेको थियो। यिनै तथ्याङ्कलाई अद्यावधिक गर्न आर्थिक वर्ष २०८३/८४ मा दोश्रो पटक यस सर्वेक्षण सञ्चालन गरिनेछ। यसै परिपेक्षमा यस सर्वेक्षणका केही पूर्व तयारी कार्यहरु यस वर्ष सञ्चालन हुनेछ। यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले औद्योगिक क्षेत्रको योगदान मूल्याङ्कन गर्न, औद्योगिक नीति तथा योजना निर्माणमा सहयोग पुऱ्याउन, र अन्य आवश्यक आधारभूत आर्थिक सूचकाङ्क तयार गर्न महत्वपूर्ण भूमिका खेल्दछ। |
| उद्देश्य | • अर्थतन्त्रमा यस क्षेत्रले पुऱ्याएको योगदानको मापन गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउनु, र<br>• यस क्षेत्रमा काम गर्ने व्यवसायी, नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता तथा अन्य प्रयोगकर्ताहरूलाई यस क्षेत्रसँग सम्बन्धित तथ्याङ्क उपलब्ध गराउनु। |
| कार्यक्रमसञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिष्ठान गणना तथा सर्वेक्षण शाखा |
| स्वीकृत बजेट | रु २ लाख ८२ हजार |
| सर्वेक्षण विधि | पूर्व तयारीका कार्यहरु सम्पन्न गर्ने |
| प्रश्नावली निर्माण | २०८२ फाल्गुन |
| प्रश्नावली परीक्षण | २०८२ फाल्गुन |
| अपेक्षित प्रतिफल | औद्योगिक सर्वेक्षण २०८३ को प्रश्नावली निर्माण हुने। |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

(६) मत्स्यपालन सर्वेक्षणको पूर्व तयारी कार्य

| | |
|---|---|
| परिचय | देशभर संचालनमा रहेका मत्स्यपालन पोखरीहरुबाट नमूना छनौट गरी यस आर्थिक वर्षमा मत्स्यपालन सर्वेक्षण गर्नको लागि प्रश्नावली तयारी, सर्वेक्षण विधि तयारी, प्रश्नावलि परीक्षण र सरोकारवालाहरुसँग अन्तर्क्रिया जस्ता पूर्व तयारीका कार्यक्रमहरु संचालन गर्नेछ। |
| उद्देश्य | • देश भरी माछापालन गरीएका पोखरीहरुको संख्या, जलासयको क्षेत्रफल तथा उत्पादन अनुमान गर्ने,<br>• माछापालक कृषक/व्यवसायीको वर्गीकरण गर्ने,<br>• मत्स्य विकासका लागि योजना तथा नीति निर्माण गर्न आवश्यक मत्स्य तथ्याङ्क उपलब्ध गराउने,<br>• योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न योजनाविद्, नीति निर्माणकर्ता, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवालाहरूलाई तथ्याङ्क उपलब्ध गराउने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा वन तथ्याङ्क शाखा |
| स्वीकृत बजेट | रु ३ लाख ५३ हजार |
| सर्वेक्षण विधि | आर्थिक वर्ष २०८१/२०८२ मा भएका मत्स्य पोखरीको सूचिकरणवाट प्राप्त सूचिका आधारमा प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी उपयुक्त सर्वेक्षण विधि यसै आर्थिक वर्षमा यकिन गरिने। |
| प्रश्नावली निर्माण | फाल्गुन |
| प्रश्नावली परीक्षण | प्रश्नावली निर्माणको क्रममा आवश्यकता अनुसार परीक्षण गर्ने। |
| अपेक्षित प्रतिफल | प्रश्नावली , निर्देशिका तथा सर्वेक्षण विधि तयार हुने। |

(७) अस्थायी बालीको उत्पादन लागत अनुमान सर्वेक्षण, २०८२

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय लेखा प्रयोजनका लागि नियमित रुपमा केही अस्थायी बालीको उत्पादन लागत अनुमान सर्वेक्षण आर्थिक वर्ष २०८१/८२ देखि सञ्चालन गर्दै आएको छ। गत आर्थिक वर्षमा सात अस्थायी बालीको उत्पादन लागत अध्ययन सम्पन्न गरेकोमा यस आर्थिक वर्षमा आठ अस्थायी बालीको गर्नेछ। अस्थायी बालीको उत्पादन लागत अनुमान सर्वेक्षणमा कुनै बालिको खेती गर्नेक्रममा गरिने सम्पूर्ण क्रियाकलाप र त्यसको व्यवस्थापन लगायत बाली कटानीपछि बाली भित्र्याउने सम्मका कुल खर्चलाई समावेश गरिन्छ। यसले उत्पादनका लागि आवश्यक स्रोतलाई कृषि उत्पादनमा रूपान्तरण गर्न खर्च गरिने प्रत्यक्ष र अप्रत्यक्ष दुबै खर्चलाई |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय
शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकृत

| | |
|---|---|
| | समेट्छ। उत्पादन लागतलाई स्थिर खर्च (Fixed Cost) र चल खर्च (Variable Cost) मा समेत वर्गीकृत गर्न सकिन्छ। |
| उद्देश्य | यस अध्ययनमा समेटिएका बालीहरूको उत्पादन र मध्यवर्ती उपभोगको अनुपात अनुमान गरी बालीहरुले अर्थतन्त्रमा पुर्याएको योगदानको मापन गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा वन तथ्याङ्क शाखा र तथ्याङ्क समन्वय कार्यालयहरु |
| स्वीकृत बजेट | रु ५२ लाख ३६ हजार |
| सर्वेक्षण विधि | छानिएका बालीहरुको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा वन तथ्याङ्क शाखाले Power Allocation प्रयोग गरी नमूना छनौट गरी किसानहरुको सूची तयार २०८२ पुषमा गर्ने। छनौट मा परेका किसानहरुको सूची बमोजिम तथ्याङ्क सङ्कलन कार्य तथ्याङ्क समन्वय कार्यले गर्ने। |
| प्रश्नावली तथा निर्देशिका निर्माण | आर्थिक वर्ष २०८१/८२ मा तयार गरिएको प्रश्नावलीमा आवश्यक अनुसार सामान्य परिमार्जन गरी प्रश्नावली २०८२ पौष महिनामा निर्माण गर्ने। |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयका सुपरिवेक्षण/खरिदार/गणक |
| मुख्य फिल्ड तालिम | २०८२ माघ पहिलो र दोश्रो हप्ता |
| मुख्य फिल्ड | २०८२ माघ देखि चैत्र |
| डाटा प्रविष्ट | २०८२ चैत्र र बैशाख |
| नतिजा प्रकाशन | आर्थिक वर्ष २०८३/८४ |
| अपेक्षित प्रतिफल | अध्ययन सम्पन्न भए पछि अस्थायी बालीको उत्पादन लागत अध्ययन २०८२ नामक प्रतिवेदन तयार हुने। |
| अभिलेख प्रतिवेदन | तथ्याङ्क समन्वय कार्यालयले कार्य सम्पन्न गरीसकेपछि स्थलगत तथ्याङ्क सङ्कलनमा आइलागेका समस्या र समस्या समाधानको लागि चालिएका उपाय सहितको विस्तृत प्रतिवेदन तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालय कृषि तथा वन तथ्याङ्क शाखामा पठाउने। |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

(८) निजी स्वास्थ्य सेवा प्रदायक सर्वेक्षण, २०८२

| | |
|---|---|
| परिचय | निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान भन्नाले स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने गैह सरकारी क्षेत्रका संस्थाहरू हुन। International standard industrial classification Rev.4 को खण्ड Q को मानव स्वास्थ्य अन्तरगतका अस्पताल सम्वन्धी क्रियाकलापहरु (8610) र चिकित्सा तथा दन्त चिकित्सा अभ्यास (8620) संचालन गर्ने सरकारी स्वामित्वमा नरही व्यक्तिगत, समूह वा संस्थागत लगानीमा सञ्चालित भएका प्रतिष्ठानहरु यस सर्वेक्षण अन्तरगत पर्दछन्। यस्ता प्रतिष्ठानहरूले रोगको उपचार, रोकथाम, परामर्श, परीक्षण, मातृत्व सेवा, शल्यक्रिया लगायत विविध स्वास्थ्य सेवा प्रदान गर्छन्। राष्ट्रिय लेखा तथ्याङ्कको आधार वर्ष परिवर्तनका लागि समेत आवश्यक यस सर्वेक्षण राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिलो चोटी गर्न लागेको हो। |
| उद्देश्य | • नेपालमा निजी स्वास्थ्य क्षेत्रका विशेष गरी निजी अस्पतालहरु तथा क्लिनिकहरुको वर्तमान आकार, स्वरुप र प्रकृति पहिचान गर्ने,<br>• निजी स्वास्थ्य क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदानको अनुमान गर्ने,<br>• निजी स्वास्थ्य क्षेत्रमा रोजगारीको अवस्था विश्लेषण गर्ने,<br>• निजी स्वास्थ्य क्षेत्रको वातावरण संरक्षणको दृष्टिकोणबाट फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन गर्ने,<br>• योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न योजनाविद, नीति निर्माणकर्ता, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवालाहरूलाई तथ्याङ्क उपलब्ध गराउने। |
| कार्यालय सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा वन तथ्याङ्क शाखा र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु. ३५ लाख ५२ हजार |
| सर्वेक्षण विधि | निजी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुको पूर्ण गणना गरिने । |
| प्रश्नावली तथा निर्देशिका निर्माण | २०८२ मंसिर |
| जनशक्ति | ✓ सूचीकरणः तथ्याङ्क समन्वय कार्यालयमा कार्यरत तथ्याङ्क सहायक/गणक/खरिदार<br>✓ मुख्य फिल्डः १ महिनाको लागि ३३ जना गणक करारमा |
| सूचीकरण तालिम | २०८२ भाद्र |
| सूचीकरण कार्य | २०८२ भाद्र १ देखि असोज १५ सम्म |
| नमूना छनौट | २०८२ पुष |
| करार नियुक्ति | २०८२ पुष चौथो हप्ता |
| मुख्य फिल्ड तालिम | २०८२ माघ पहिलो हप्ता |
| मुख्य फिल्ड कार्य | २०८२ माघ र फाल्गुन |



शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| डाटा प्रविष्ट | २०८२ बैशाख, जेष्ठ र असार |
| नतिजा प्रकाशन | आर्थिक वर्ष २०८३/८४ |
| अपेक्षित प्रतिफल | सर्वेक्षण सम्पन्न भए पछि निजि स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण २०८२ नामक प्रतिवेदन तयार हुने। |
| अभिलेख प्रतिवेदन | तथ्याङ्क समन्वय कार्यालयले सम्पूर्ण कार्य सम्पन्न गरीसकेपछि स्थलगत तथ्याङ्क सङ्कलनमा आइलागेका समस्या र समस्या समाधानको लागि चालिएका उपाय सहितको विस्तृत प्रतिवेदन तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालय कृषि तथा वन तथ्याङ्क शाखामा पठाउने। |

## (९) त्रैमासिक, वार्षिक तथा प्रादेशिक राष्ट्रिय लेखाका अनुमान तयार गर्ने

| | |
|---|---|
| परिचय | राष्ट्रिय लेखा (National Accounts) कुनै देशको आर्थिक गतिविधिको समग्र चित्र प्रस्तुत गर्ने अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रणाली हो। यस अन्तर्गत वस्तु तथा सेवाको उत्पादन, वितरण, उपभोग, पूँजी निर्माण र बाह्य क्षेत्रसँगको आर्थिक transactions को तथ्याङ्क व्यवस्थित रूपमा संकलन, संकलनपश्चात विश्लेषण र प्रकाशन गरिन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सालवसाली त्रैमासिक र वार्षिक राष्ट्रिय लेखाका अनुमान तयार गर्दै आएको छ भने प्रादेशिक राष्ट्रिय लेखा अनुमान गत आर्थिक वर्ष देखि तथ्याङ्क समन्वय कार्यालयले गरेको छ। |
| उद्देश्य | त्रैमासिक, वार्षिक तथा प्रदेशिक कुल गार्हस्थ उत्पादनका लागि गुणस्तरीय तथ्याङ्क सङ्कलन तथा प्रभावकारी अनुगमन गर्नु। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखाको समन्वयमा तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु ८९ लाख १९ हजार |
| स्थान | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गत। |
| नमूना छनौट | राष्ट्रिय लेखा शाखाबाट प्रेषित "त्रैमासिक तथा वार्षिक तथ्याङ्क संकलन विधि, २०८२/८३" बमोजिम |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयका सुपरिवेक्षण/खरिदार/गणक |
| फिल्ड कार्य | त्रैमासिक राष्ट्रिय लेखाः साउन, कार्तिक, माघ र बैशाख<br>वार्षिक राष्ट्रिय लेखाः माघ र फाल्गुन<br>प्रादेशिक राष्ट्रिय लेखाः माघ र फाल्गुन |
| नतिजा प्रकाशन | त्रैमासिक राष्ट्रिय लेखाः असोज, पुस, चैत्र र असार<br>वार्षिक राष्ट्रिय लेखाः बैशाख |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| | प्रादेशिक राष्ट्रिय लेखा: जेठको दोश्रो हप्ता |
| अपेक्षित प्रतिफल | नियमित रुपमा त्रैमासिक, वार्षिक र प्रादेशिक राष्ट्रिय लेखासँग सम्बन्धित सर्वेक्षणहरुको लागि छनौट भएका प्रतिष्ठानहरुबाट गुणस्तरीय तथ्याङ्क सङ्कलन हुने। |
| अभिलेख प्रतिवेदन | संकलित तथ्याङ्क तोकिएको ढाँचामा तथ्याङ्क समन्वय कार्यालयले पठाउने र सोको अभिलेख राष्ट्रिय लेखा शाखाले राख्ने। |

(१०) **Sequence of Accounts** तयार गर्ने

| | |
|---|---|
| परिचय | Sequence of Accounts अन्तर्गत राष्ट्रिय लेखा प्रणालीको आधारभूत Accounts, जस्तै Production Accounts, Generation of Income Accounts, Accumulation Accounts and Balance sheet तयार गर्ने कार्य सम्पन्न गरिन्छ। यस प्रक्रियाले उत्पादन, आय र अन्य आर्थिक गतिविधिहरूको क्रमिक, Logical तथा संरचित विवरण प्रदान गरी आर्थिक विश्लेषण र नीतिनिर्माणका लागि आवश्यक आधार उपलब्ध गराउँछ। राष्ट्रिय तथ्याङ्क कार्यालयले गत आर्थिक वर्ष देखि यस कार्यलाई निरन्तता दिँदै आएको छ। |
| उद्देश्य | Production and Income Generation मा संस्थागत क्षेत्रहरुले पुऱ्याएको योगदानको अनुमान गर्नु |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखा र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु ४ लाख ५० हजार |
| कार्यसञ्चालन प्रक्रिया | कार्यशाला (२ पटक) |
| समय तालिका | भाद्र चौथो हप्ता र पुषको दोश्रो हप्ता |
| नतिजा प्रकाशन | आर्थिक वर्ष २०८३/८४ |
| अपेक्षित प्रतिफल | Sequence of Accounts अन्तर्गत Production Accounts र Generation of Income Accounts तयार हुने। |

(११) राष्ट्रिय लेखा श्रृङ्खलाको **Backcasting** कार्य

| | |
|---|---|
| परिचय | विभिन्न आधार वर्षमा तयार भएका राष्ट्रिय लेखा तथ्याङ्कका श्रृङ्खलाहरूलाई एउटै आधार वर्षमा रूपान्तरण गरी एकीकृत रूपमा प्रस्तुत गर्न राष्ट्रिय तथ्याक कार्यालयले पहिलो चोटी Backcasting कार्य यस आर्थिक वर्षमा गर्नेछ। यस प्रक्रियाले दीर्घकालीन समय-श्रृङ्खला विश्लेषणलाई सहज बनाउँछ र आर्थिक वृद्धि तथा संरचनागत परिवर्तनहरूको तुलनात्मक अध्ययनका लागि विश्वसनीय आधार प्रदान गर्दछ। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय
शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| उद्देश्य | विभिन्न आधार वर्षमा आधारित राष्ट्रिय लेखा तथ्याङ्कका श्रृङ्खलाहरुलाई एउटै आधारवर्षमा एकीकृत प्रस्तुतिकरण गर्नु। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखा |
| स्वीकृत बजेट | रु ४ लाख ५० हजार |
| जनशक्ति | राष्ट्रिय लेखा शाखाका कर्मचारी |
| कार्यसञ्चालन प्रक्रिया | कार्यशाला (२ पटक) |
| समय तालिका | मंसिरको दोश्रो हप्ता र चैत्रको चौथो हप्ता |
| नतिजा प्रकाशन | २०८३ असार |
| अपेक्षित प्रतिफल | विभिन्न आधार वर्षमा आधारित राष्ट्रिय लेखा तथ्याङ्कका श्रृङ्खलाहरु एउटै आधारवर्षमा एकीकृत हुने। |

(१२) आपुर्ति र उपयोग तालिका (SUTs) निर्माण कार्यक्रम

| | |
|---|---|
| परिचय | समग्र अर्थतन्त्र भित्र सञ्चालन हुने आर्थिक क्रियाकलापहरूबाट उत्पादन हुने वस्तु तथा सेवाहरू र तिनको उपभोग सम्बन्धी विस्तृत संरचनात्मक विवरण तयार गर्ने उद्देश्यका साथ यस आर्थिक वर्ष आपुर्ति र उपयोग तालिका गरिनेछ। यसले उत्पादन, आयात, निर्यात, मध्यवर्ती उपभोग, र अन्तिम उपभोगबीचको सन्तुलन तथा प्रवाहलाई स्पष्ट पार्दै राष्ट्रिय लेखा प्रणाली (SNA) को आधार तयार गर्दछ। |
| उद्देश्य | अन्तर सम्बन्धित आर्थिक क्रियाकलापहरुको उत्पादनको कारण र प्रभाव अनुमान गर्नु। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखा |
| स्वीकृत बजेट | रु ८ लाख १० हजार |
| जनशक्ति | राष्ट्रिय लेखा शाखाका कर्मचारी |
| कार्यसञ्चालन प्रक्रिया | कार्यशाला (२ पटक) |
| समय तालिका | २०८२ भाद्र र कार्त्तिकको दोश्रो हप्ता र माघको पहिलो हप्ता |
| नतिजा प्रकाशन | २०८३ असार |
| अपेक्षित प्रतिफल | समग्र अर्थतन्त्रमा भएको वस्तु तथा सेवाको उत्पादन तथा उपभोग प्रवाहको अनुमान हुने |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

(१३) आगत र निर्गत (IOTs) तालिका निर्माण कार्यक्रम

| | |
|---|---|
| परिचय | समग्र अर्थतन्त्र भित्रका विभिन्न आर्थिक क्रियाकलापहरूको आपसी सम्बन्धको कारण - परिणाम विश्लेषण तथा अध्ययन गर्ने उद्देश्यका साथ यस आर्थिक वर्षमा आगत र निर्गत तालिका निर्माण कार्यक्रम सञ्चालन गरिनेछ। यसले उत्पादन, वितरण, उपभोग, र सेवासम्बन्धी गतिविधिहरूबीचको प्रवाहलाई स्पष्ट देखाएर नीतिगत निर्णय र दीर्घकालीन आर्थिक योजना निर्माणमा आधार प्रदान गर्दछ। |
| उद्देश्य | अन्तर सम्बन्धित आर्थिक क्रियाकलापहरुको उत्पादनको कारण र प्रभाव अनुमान गर्नु |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखा |
| स्वीकृत बजेट | रु ५ लाख ४० हजार |
| जनशक्ति | राष्ट्रिय लेखा शाखाका कर्मचारी |
| कार्यसञ्चालन प्रक्रिया | कार्यशाला (२ पटक) |
| समय तालिका | साउनको चौथो हप्ता र कार्त्तिकको तेश्रो हप्ता |
| नतिजा प्रकाशन | २०८३ असार |
| अपेक्षित प्रतिफल | समग्र अर्थतन्त्रमा भएको वस्तु तथा सेवाको उत्पादन तथा उपभोग प्रवाहको अनुमान हुने। |

(१४)त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकांक तयारी कार्य

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक तथा वार्षिक रुपमा औद्योगिक उत्पादक मूल्य सूचकाङ्क तथा औद्योगिक उत्पादन सूचकाङ्क प्रत्येक आर्थिक वर्ष त्रैमासिक रुपमा सङ्कलन गरी प्रकाशन गर्दै आएको छ। यसबाट उत्पादकस्तरमा मूल्यमा हुने परिवर्तन मापन तथा उत्पादनमा भएको परिवर्तन मापन हुनेछ। |
| उद्देश्य | अर्थतन्त्रका औद्योगिक क्षेत्रको उत्पादन तहमा भएको मुद्रास्फीति एवं उत्पादनमा भएको उतारचढाव मापन गर्न आवश्यक औद्योगिक उत्पादक मूल्य सूचकांक तथा औद्योगिक उत्पादन सूचकाङ्क तयार गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | मूल्य तथ्याङ्क शाखा र १३ तथ्याङ्क समन्वय कार्यालय (खोटाङ, गोरखा, पाल्पा, जुम्ला र डोटी बाहेक) |
| स्वीकृत बजेट | रु ५० लाख ५ हजार |
| स्थान | १३ तथ्याङ्क समन्वय कार्यालय अन्तर्गतका कार्यक्षेत्र |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकृत

| | |
|---|---|
| नमूना छनौट | राष्ट्रिय औद्योगिक सर्वेक्षण २०६९ मा आधारित नेपालमा भएका जम्मा उद्योगहरु वाट करिब ४०० उद्योग Cut-Off-Sampling विधिबाट छनौट गरी पठाइएका औद्योगिक प्रतिष्ठानहरु |
| प्रश्नावली तथा निर्देशिका निर्माण | नियमित अद्यावधिक आवश्यकता अनुसार |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयमा कार्यरत तथ्याङ्क सहायक/सुपरिवेक्षक/गणक/खरिदार |
| फिल्ड कार्य | असोज, पुष, चैत्र र असार महिनाको तेश्रो र चौथो हप्ता |
| प्रविष्टि | श्रावण, कार्तिक, माघ र बैशाख महिनाको तेश्रो हप्ता |
| नतिजा प्रकाशन | असोज, पुष, चैत्र, असार महिनाको तेश्रो हप्ता |
| अपेक्षित प्रतिफल | त्रैमासिक तथा वार्षिक औद्योगिक उत्पादक मूल्य सूचकांक तथा औद्योगिक उत्पादन सूचकांक तयार हुने। राष्ट्रिय लेखा अनुमानको लागि आवश्यक भाजक (Deflator) तयार हुने। |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्यांक कार्यालयमा तथ्यांक पठाइसके पश्चात सोको एक प्रति तथ्यांक समन्वय कार्यालयमा राखी डाटावेस तयार गर्ने । |

## (१५) त्रैमासिक तथा वार्षिक कृषि उत्पादक मूल्य सूचकांक तयारी कार्य

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक तथा वार्षिक रुपमा कृषि उत्पादक मूल्य सूचकांक नियमित कार्यक्रमको रुपमा प्रत्येक आर्थिक वर्षमा त्रैमासिक र वार्षिक रुपमा प्रकाशन गर्दै आएको छ। यसबाट उत्पादकस्तरमा मूल्यमा हुने परिवर्तन मापन हुनेछ। |
| उद्देश्य | अर्थतन्त्रका कृषि क्षेत्रको उत्पादन तहमा भएको मूल्यमा हुने परिवर्तन मापनका लागि तयार गरिने कृषि वस्तुहरुको उत्पादक मूल्य सूचकांक तयार गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखा र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु २२ लाख ८२ हजार |
| विधि | ✓ साविकका ३३ वटा तथ्याङ्क कार्यालय रहेको प्रत्येक जिल्लाबाट ५ जना अगुवा कृषक छनौट गरी उक्त कृषकबाट आवश्यक कृषि उपजहरुको उत्पादक मूल्य त्रैमासिक रुपमा मासिक मूल्य सङ्कलन गर्ने, |

| | |
|---|---|
| | ✓ छनौट भएका जिल्लाका अगुवा कृषकहरुको लागि प्रोत्साहन खर्च/यातायात खर्च उपलब्ध गराउने, र<br>✓ सङ्कलित तथ्याङ्कको गुणस्तरमा अभिवृद्धिका लागि सुपरिवेक्षण गर्ने। |
| प्रश्नावली तथा निर्देशिका निर्माण | नियमित र परिमार्जित प्रश्नावली |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयमा कार्यरत<br>तथ्याङ्क सहायक/ सुपरिवेक्षक/गणक/खरिदार |
| फिल्ड कार्य | असोज, पुष, चैत्र र असार महिनाको तेश्रो र चौथो हप्ता |
| डाटा प्रविष्टि | तथ्याङ्क समन्वय कार्यालयले श्रावण, कार्त्तिक, माघ र बैशाख महिनाको तेश्रो हप्तामा प्रविष्टि गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य शाखामा पठाउने। |
| नतिजा प्रकाशन | राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य शाखाले असोज, पुष, चैत्र, असार महिनाको तेश्रो हप्तामा |
| अपेक्षित प्रतिफल | त्रैमासिक तथा वार्षिक कृषि उत्पादक मूल्य सूचकांक तयार हुने। राष्ट्रिय लेखा अनुमानको लागि आवश्यक भाजक (Deflator) तयार हुने। |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्यांक कार्यालयमा तथ्यांक पठाइसके पश्चात सोको एक प्रति तथ्यांक समन्वय कार्यालयमा राखी डाटावेस तयार गर्ने। |

### (१६) निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयारी कार्य

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक तथा वार्षिक रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क प्रत्येक आर्थिक वर्षमा प्रकाशन गर्दै आएको छ। यसबाट उत्पादकस्तरमा मूल्यमा हुने परिवर्तन मापन हुनेछ। |
| उद्देश्य | निर्माण क्षेत्रको लागत मूल्य, कामदारको ज्याला र निर्माण औजार तथा उपकरणहरुको भाडामा भएको मुद्रास्फीति मापन गर्न आवश्यक निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखा र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु २२ लाख ४५ हजार |
| विधि | ✓ साविकका ३३ वटा तथ्याङ्क कार्यालय रहेका जिल्लाहरुबाट जिल्लाको प्रतिनिधित्व हुनेगरी ५ देखि ७ वटा स्थानहरुबाट बढी निर्माण सामग्रीहरु बिक्री गर्ने पसलबाट निर्माण सामग्रीको मूल्य र निर्माण ठेकेदारहरुबाट कामदारको ज्याला तथा निर्माण औजार र उपकरणको भाडा सम्वन्धी विवरण सङ्कलन गर्ने, |

| | |
|---|---|
| | ✓ निर्माण सामग्री बिक्रेता र निर्माण ठेकेदारहरुको छनौट तथ्याङ्क समन्वय कार्यालयले न्यायिक नमूना छनौट विधि प्रयोग गरी उत्तरदाताको छनौट गर्ने। |
| प्रश्नावली तथा निर्देशिका निर्माण | नियमित र परिमार्जित प्रश्नावली |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयमा कार्यरत<br>तथ्याङ्क सहायक/ सुपरिवेक्षक/गणक/खरिदार |
| फिल्ड कार्य | भदौ, मंसिर, फाल्गुन र जेठ महिनाको तेश्रो र चौथो हप्ता |
| डाटा प्रविष्टि | तथ्याङ्क समन्वय कार्यालयले असोज, पुष, चैत्र, असार महिनाको तेश्रो हप्ता प्रविष्टि गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य शाखामा पठाउने |
| नतिजा प्रकाशन | असोज, पुष, चैत्र र असार महिनाको तेश्रो हप्ता |
| अपेक्षित प्रतिफल | त्रैमासिक तथा वार्षिक निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माण हुने। |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्यांक कार्यालयमा तथ्यांक पठाइसके पश्चात सोको एक प्रति तथ्यांक समन्वय कार्यालयमा राखी डाटावेस तयार गर्ने। |

(१७) आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२

| | |
|---|---|
| परिचय | नेपालमा आर्थिक वर्ष २०८१/८२ मा पहिलो पटक आन्तरिक पर्यटन सर्वेक्षण सञ्चालन गरिएको थियो। उक्त सर्वेक्षणको जम्मा स्थलगत तथ्याङ्क सङ्कलन कार्य १२ महिना अवधिको रहेकोमा गत आर्थिक वर्ष नौ महिनाको स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरी यस आर्थिक वर्षमा सर्वेक्षणका बाँकी कार्य गर्ने कार्यक्रम रहेको छ। यस सर्वेक्षणबाट राष्ट्रिय लेखा तथ्याङ्क तयार गर्न सहयोग पुग्नेछ। |
| उद्देश्य | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान मापन गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यापार तथ्याङ्क शाखा र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | स्वीकृत बजेटः रु ५१ लाख ७१ हजार |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयका सुपरिवेक्षक/गणक/खरिदार |
| सर्वक्षण विधि | गणना क्षेत्रहरुको नक्शा तथा कार्यतालिका प्रत्येक महिना राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यापार तथ्याङ्क शाखाले तथ्याङ्क समन्वय कार्यालयलाई उपलब्ध गराउने, |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

| | |
|---|---|
| | उपलब्ध गराएको सूची बमोजिम तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न गरी प्रतिवेदनको सफट कपी तथ्याङ्क समन्वय कार्यालयले यथासम्भव छिटो व्यापार तथ्याङ्क शाखामा पठाउने। |
| मुख्य फिल्ड | २०८२ साउन देखि असोज |
| डाटा प्रविष्टि | २०८२ कार्तिक देखि पुष |
| नतिजा प्रकाशन | २०८२ चैत्र |
| अपेक्षित प्रतिफल | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान मापन हुने |
| अभिलेख प्रतिवेदन | तथ्याङ्क समन्वय कार्यालयले मासिकरुपमा आन्तरिक पर्यटन सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलनको प्रगति प्रतिवेदन राष्ट्रिय तथ्याङ्क कार्यालय, व्यापार तथ्याङ्क शाखामा पठाउने । |

## (१८) विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्बन्धी सर्वेक्षण, २०८२

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिलो पटक आर्थिक वर्ष २०८२/८३ देखि २०८३/८४ सम्म सञ्चालन गर्ने गरी विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्बन्धी सर्वेक्षण गर्नेछ। यस आर्थिक वर्षमा सर्वेक्षणको पूर्व तयारीका कार्यका साथमा शुरुका तीन महिनाको स्थलगत तथ्याङ्क सङ्कलन कार्य गर्नेछ भने सर्वेक्षणको बाँकी कार्य आर्थिक वर्ष २०८३/८४ मा गर्नेछ। |
| उद्देश्य | पर्यटन स्याटलाईट लेखा तयार गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यापार तथ्याङ्क शाखा र तथ्याङ्क समन्वय कार्यालय मोरङ, पर्सा, काठमाडौं, रुपन्देही, दाङ |
| स्वीकृत बजेट | रु ८ लाख ८९ हजार |
| सर्वेक्षण विधि | तथ्याङ्क समन्वय कार्यालयले आफ्नो कार्यक्षेत्रमा परेका अन्तर्राष्ट्रिय नेपाल घुमी फर्किएका अन्तर्राष्ट्रिय पर्यटकलाई पाँचवटा अन्तर्राष्ट्रिय नाकाहरुबाट Snowball विधिबाट छनौट गरिने।<br>तथ्याङ्क सङ्कलन ट्याबलेटबाट गरिने। |
| प्रश्नावली तथा निर्देशिका निर्माण | २०८२ पौष र माघ |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यापार तथ्याङ्क शाखाबाट उपलब्ध गराईएको योग्यताको गणक ३ महिनाको लागि लिनुपर्नेछ। |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| नियुक्ति | २०८२ चैत्र |
| मुख्य तालिम | २०८३ बैशाख पहिलो हप्ता |
| मुख्य फिल्ड | २०८३ बैशाख दोश्रो हप्ता देखि (निरन्तर) |
| नतिजा प्रकाशन | अर्को आर्थिक वर्ष |
| अपेक्षित प्रतिफल | तोकिएको समय, लागत र गुणस्तरमा स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको हुने। |
| अभिलेख प्रतिवेदन | तथ्याङ्क समन्वय कार्यालयले मासिकरुपमा तथ्याङ्क सङ्कलनको प्रगति प्रतिवेदन व्यापार तथ्याङ्क शाखामा पठाउनुपर्नेछ। |

(१९) **SEEA Ecosystem Accounting** अन्तर्गत **Forest Accounts** सम्बन्धी कार्यक्रम

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिलो पटक वनसम्बन्धी Physical, Monetary र Flow Accounts एकीकृत ढङ्गले मापन र अभिलेख गर्न SEEA Ecosystem Accouting अन्तर्गत Forest Accounts तयार गर्न लागेको हो। SEEA Ecosystem Accouting अन्तर्गत जम्मा छ वटा Accounts रहेका छन्। |
| उद्देश्य | वन क्षेत्रको आर्थिक योगदान र यससँग सम्बन्धित सूचकहरुको अनुमान गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको वातावरण शाखा |
| स्वीकृत बजेट | रु ४६ लाख ६६ हजार |
| सर्वेक्षण विधि | EEA-CF र SEEA-EA Framework<br><br>तथ्यांक स्रोतः वन क्षेत्रसँग सम्बन्धित सरोकारवाला निकाय र Forest Accounts को लागि आवश्यक सर्वेक्षण (सामुदायिक वन उपभोक्ता सर्वेक्षण, पेपर र पल्प सम्बन्धी सर्वेक्षण, फर्नीचर र चिरान काठ सम्बन्धी सर्वेक्षण, आवश्यकता हेरेर) |
| प्रश्नावली तथा निर्देशिका निर्माण | असोज |
| जनशक्ति | स्थलगत तथ्याङ्क सङ्कलन कार्यका लागि ८ जना करार जनशक्ति राष्ट्रिय तथ्याङ्क कार्यालयको वातावरण शाखाले लिने |
| तालिम | २०८२ कार्तिक पहिलो हप्ता |
| सूचीकरण कार्य | २०८२ कार्त्तिक |



शाखा अधिकृत for निर्देशक

उप-प्रमुख तथ्याङ्क अधिकारी

प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| नमूना छनौट | २०८२ कार्तिक |
| मुख्य फिल्ड | २०८२ मंसिर देखि माघ |
| डाटा प्रविष्टि | २०८२ माघ |
| नतिजा प्रकाशन | २०८२ चैत्र |
| अपेक्षित प्रतिफल | SEEA Ecosystem Accouting अन्तर्गत Forest Accounts तयार हुने |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालयको वातावरण तथ्याङ्क शाखामा हुने। |

### (२०) Compendium of Environment Statistics प्रकाशन कार्य

| | |
|---|---|
| परिचय | वातावरणसम्बन्धी तथ्याङ्क, सूचकाङ्क र विश्लेषणलाई व्यवस्थित तरिकाले संकलन, संकलनपश्चात् प्रशोधन, वर्गीकरण, विश्लेषण गरी Compendium of Environment Statistics पुस्तक राष्ट्रिय तथ्याङ्क कार्यालयको वातावरण तथ्याङ्क शाखाले सन् १९९४, १९९८ र २०१५ मा प्रकाशन गरेको छ। यस आर्थिक वर्षमा प्रकाशन गर्ने यस पुस्तक चौथो श्रृंखला हो। |
| उद्देश्य | वातावरण क्षेत्रका विभिन्न आयमहरुको जानकारी गराउने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको वातावरण शाखा |
| स्वीकृत बजेट | रु ११ लाख १५ हजार |
| विधि | कार्यशाला (२ पटक) सञ्चालन गरी प्रतिवेदनको मस्यौदा तयारी गरी परामर्श सेवा मार्फत प्रतिवेदन तयारी |
| प्रतिवेदन प्रकाशन | २०८२ चैत्र |

### (२१) नेपाल श्रमशक्ति सर्वेक्षण, २०८२

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले मुलुकको श्रम तथ्याङ्क अद्यावधिक गर्नका लागि आवधिक रुपमा श्रमशक्ति सर्वेक्षण सञ्चालन गर्दै आएको छ। सन् १९९८/९९ मा पहिलो चोटी यो सर्वेक्षण सञ्चालन भएको थियो भने सन् २००८ मा दोश्रो र सन् २०१७/१८ मा तेश्रो सर्वेक्षण सम्पन्न भएको हो। प्रत्येक पाँच वर्षमा सञ्चालन गर्नुपर्ने यो सर्वेक्षण आर्थिक वर्ष २०८२/८३ देखि २०८३/८४ मा चौथो पटक सञ्चालन गरिनेछ। यस आर्थिक वर्षमा १२ महिना मध्ये आठ महिनासम्मको स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न हुनेछ। |



शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिका

| | |
|---|---|
| उद्देश्य | मुलुकको काम गर्ने उमेरको जनसंख्या मध्ये रोजगारीमा रहेको संख्या, बेरोजगार संख्या, बेरोजगारी दर, श्रमशक्तिको संख्या, बालश्रम, बाध्यकारी श्रम लगायतका श्रम तथ्याङ्क अद्यावधिक गर्नु |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको घरपरिवार सर्वेक्षण शाखा |
| स्वीकृत बजेट | रु ६ करोड ३५ लाख ७५ हजार |
| सर्वेक्षण विधि | पहिलो चरणमा नमूना छनौट विधिबाट प्राथमिक छनौट इकाई छनौट गरिने। दोस्रो चरणमा प्राथमिक छनौट इकाईबाट निश्चित संख्यामा घरपरिवार छानी टयाबलेटमा तथ्याङ्क सङ्कलन गरिने। |
| प्रश्नावली तथा निर्देशिका निर्माण | २०८२ असोज |
| नमूना छनौट | २०८२ असोज |
| प्रशिक्षक प्रशिक्षण तालिम | २०८२ मंसिर पहिलो हप्ता |
| जनशक्ति | स्थलगत तथ्याङ् सङ्कलन कार्यमा २० सुपरिवेक्षक र ६० जना गणक करारमा लिई परिचालन गरिनेछ। करार जनशक्ति छनौट तथा व्यवस्थापन राष्ट्रिय तथ्याङ्क कार्यालयको घरपरिवार सर्वेक्षण शाखाबाट हुने। |
| नियुक्ति | सुपरिवेक्षक तथा गणकको नियुक्ति २०८२ कार्तिकमा हुने |
| तालिम | सूचीकरण तथा मुख्य स्थलगत तथ्याङ्क सङ्कलन कार्यको लागि आवश्यक तालिम २०८२ मंसिर दोश्रो हप्तादेखि जम्मा २१ दिनको हुने। तालिमको प्रशक्षिण सम्बन्धी व्यवस्थापन घरपरिवार सर्वेक्षण शाखाले गर्ने। |
| फिल्ड कार्य | सूचीकरण तथा मुख्य स्थलगत तथ्याङ्क सङ्कलन कार्य एकैसाथ २०८२ पौष पहिलो हप्ता देखि २०८३ मंसिर मसान्त सम्म हुने |
| नतिजा प्रकाशन | २०८४ असार |
| अपेक्षित प्रतिफल | मुलुकको काम गर्ने उमेरको जनसंख्या मध्ये रोजगारीमा रहेको संख्या, बेरोजगार संख्या, बेरोजगारी दर, श्रमशक्तिको संख्या, बालश्रम, बाध्यकारी श्रम लगायतका श्रम तथ्याङ्क अद्यावधिक हुने। |
| अभिलेख प्रतिवेदन | नियमानुसार कार्यालयमा प्रतिवेदन गरिने। |



शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकारी

(२२) राष्ट्रिय जनगणना, २०७८ का विषयगत तथा विश्लेषणात्मक थप प्रतिवेदन सार्वजनिक

| | |
|---|---|
| परिचय | राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त तथ्याङ्कको आधारमा विभिन्न विषयगत प्रतिवेदनहरुमा अध्ययन विश्लेषण गरी प्रतिवेदन लेखन गर्ने र प्रकाशन गरी सार्वजनिक गर्ने । |
| उद्देश्य | जनगणनाबाट प्राप्त तथ्यांकको आधारमा तयार गरिएको विषयगत प्रतिवेदनले राज्यलाई योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुग्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको जनसंख्या शाखा |
| विधि | सम्वन्धित विषय विज्ञहरुबाट विश्लेषण गरिएका प्रतिवेदनहरु सम्पादनपश्चात् प्रकाशन र सार्वजनिक गर्ने कार्यक्रम आयोजना गर्ने |
| स्वीकृत बजेट | रु. ७ लाख २० हजार |
| प्रतिवेदन प्रकाशन | २०८२ साउनमा २ ओटा र भदौमा २ ओटा |

(२३) राष्ट्रिय अपाङ्गता सर्वेक्षण, २०८२ को पूर्व तयारी कार्य (पाइलट सर्वे)

| | |
|---|---|
| परिचय | अपांगता भएका व्यक्तिहरुको विद्यमानता दर र उनीहरुको आर्थिक सामाजिक अवस्थाको यथार्थ आकलन गर्न एक राष्ट्रिय स्तरको नमूना सर्वेक्षण गर्ने कार्यको लागि पाइलट सर्वे संचालन गर्ने। |
| उद्देश्य | सर्वेक्षणले अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक, सामाजिक अवस्था जानकारी हुने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालय, जनसंख्या शाखा |
| स्वीकृत बजेट | रु ३५ लाख २८ हजार |
| सर्वेक्षण विधि | छानिएका गणनाक्षेत्रहरुमा गई तोकिएको विधि अनुसार तथ्याङ्क संकलन गर्ने। |
| प्रश्नावली तथा गणना पुस्तिका निर्माण | २०८२ असोज |
| जनशक्ति | २०८२ मंसिर |
| तालिम | २०८२ पुष |
| मुख्य फिल्ड | २०८२ माघ |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| पाइलट सर्वेक्षणको प्रतिवेदन प्रकाशन | २०८३ जेठ |
| अपेक्षित प्रतिफल | मुख्य सर्वेक्षणको लागि आधार तयार हुने |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालयको जनसंख्या शाखामा राखिने। |

(२४) नेपाल बहुसूचक सर्वेक्षण, २०८१ को विश्लेषण गरी नतिजा तयारी तथा सार्वजनिकीकरण

| | |
|---|---|
| परिचय | नेपाल बहुसूचक सर्वेक्षण, २०८१ आठौं श्रृंखला हो। यस सर्वेक्षणबाट विशेष गरी महिला तथा बालबालिकाको शिक्षा, स्वास्थ्य, बाल मृत्यु, पोषण, खानेपानी तथा सरसफाई, प्रजनन्, बाल विकास आदिको अवस्था बारेको स्थितिसँग सम्बन्धित दिगो विकास लक्ष्यका सूचकहरु तथा बहुआयमिक गरिबी मापनको सूचक प्राप्त हुन्छ। आर्थिक वर्ष २०८१/८२ मा देशभरको प्रतिनिधित्व हुने गरी १२,९६० घरपरिवारमा सङ्कलन गरिएको तथ्याङ्कको यस आर्थिक वर्षमा विश्लेषण गरी नतिजा प्रकाशन कार्य गरिनेछ। |
| उद्देश्य | दिगो विकास लक्ष्यको महिला तथा बालबालिका लगायत ४२ ओटा सूचकको अद्यावधिक गर्ने तथा बहुआयामिक गरिबी सूचक मापन गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको सामाजिक तथा लैङ्गिक तथ्याङ्क शाखा |
| स्वीकृत बजेट | नेपाल सरकारबाट रु १७ लाख ९७ हजार |
| प्रकाशन विधि | कार्यशाला मार्फत (८ पटक) |
| नतिजा प्रकाशन | २०८२ माघ पहिलो हप्ता |
| अपेक्षित प्रतिफल | दिगो विकास लक्ष्यको महिला तथा बालबालिका लगायत ४२ ओटा सूचकको अद्यावधिक हुने तथा बहुआयामिक गरिबी सूचक तयार हुने। |
| अभिलेख प्रतिवेदन | पुस्तक प्रकाशन गर्ने र वेबसाइडमा राखिने। |

## (२५) NMICS Plus को पूर्व तयारी

| | |
|---|---|
| परिचय | नेपाल बहुसूचक सर्वेक्षणको Follow up सर्वेक्षणको रुपमा पहिलो पटक NMICS Plus सर्वेक्षण आर्थिक वर्ष २०८३/८४ मा गर्न लागिएको हो। यसमा नेपाल बहुसूचक सर्वेक्षण, २०८१ बाट प्राप्त घरपरिवारहरुलाई फोन मार्फत अन्तरवार्ता लिइन्छ। यस आर्थिक वर्षमा यस सर्वेक्षणको पूर्व तयारीको लागि सरोकारवालाहरुसँग अन्तरक्रिया, प्रश्नावली तथा निर्देशिका तयार गरिनेछ। |
| उद्देश्य | महिला तथा बालबालिका सम्बन्धी सूचकको अद्यावधिक गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको सामाजिक तथा लैङ्गिक तथ्याङ्क शाखा |
| स्वीकृत बजेट | रु ७ लाख ६० हजार |
| तयारी विधि | कार्यशाला मार्फत (४ पटक) |
| प्रश्नावली निर्माण | २०८३ असार पहिलो हप्ता |
| अपेक्षित प्रतिफल | सर्वेक्षण सञ्चालनका लागि आवश्यक प्रश्नावली तथा निर्देशिका तयार हुने। |

## (२६) लैङ्गिक तथ्याङ्क लिफलेट र सामाजिक तथ्याङ्क पुस्तिका प्रकाशन कार्य

| | |
|---|---|
| परिचय | शिक्षा, स्वास्थ्य जस्ता विविध सामाजिक स्थितिका सूचक सहितको लैङ्गिक तथ्याङ्क लिफलेट तथा सामाजिक तथ्याङ्क पुस्तिका नियमित रुपमा राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्दै आएको छ। |
| उद्देश्य | • महिलाको समग्र अवस्थाको बारेमा जानकारी गराउने<br>• शिक्षा, स्वास्थ्य, रोजगारी, सञ्चार, मनोरञ्जन जस्ता सामाजिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको अद्यावधिक गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको सामाजिक तथा लैङ्गिक तथ्याङ्क शाखा |
| स्वीकृत बजेट | रु ३ लाख ७६ हजार |
| विधि | विभिन्न सरकारी निकायबाट आवश्यक तथ्याङ्क सङ्कलन गरी कार्यशाला मार्फत प्रतिवेदन तयारी |
| फिल्ड कार्य | आवश्यकता अनुसार सालभर |
| प्रतिवेदन प्रकाशन | २०८३ असार |

(२७) गणना क्षेत्र नक्सा अद्यावधिक कार्य

| | |
|---|---|
| परिचय | राष्ट्रिय आर्थिक गणना, २०८२ को प्रभावकारी कार्यान्वयनका लागि गणनाक्षेत्र नक्साको तयारी, प्रमाणीकरण (भेरिफिकेसन) र सुपरिवेक्षण आवश्यक पक्षहरू हुन्। ती नक्साको प्रयोग गरी स्थलगत कार्यमा खटिने कर्मचारीहरूले निर्धारित स्थानमा पुगेर आर्थिक एकाइहरूको गणना गर्नु पर्ने हुन्छ। तयार पारिएका नक्शाहरूले गणकहरूलाई तोकिएको स्थानमा पुगेर गणना गर्न सहयोग पुर्‍याउँछन्। यसले गर्दा कुनै पनि आर्थिक एकाइ छुट्ने वा दोहोरिने सम्भावना कम हुन्छ। नक्साको प्रमाणीकरण तथा सुपरिवेक्षणबाट नक्साको गुणस्तर र विश्वसनीयता सुनिश्चित गर्न सकिन्छ, जसले सम्पूर्ण गणना प्रक्रियालाई सफल र प्रभावकारी बनाउँछ। |
| उद्देश्य | घरपरिवारको आधारमा तयार गरिएका गणनाक्षेत्र नक्सालाई उपयोग गरी आर्थिक एकाइहरूको लागि गणनाक्षेत्र तयार गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको भौगोलिक सूचना प्रणाली शाखा |
| स्वीकृत बजेट | आर्थिक गणनाको एकमुष्ट बजेटमा समावेश भएको तथा तथ्याङ्क समन्वय कार्यालयमा रु ८ लाख १० हजार विनियोजन भएको। |
| विधि | १. राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयहरुका कर्मचारीहरुलाई गणना क्षेत्र नक्साको प्रयोग तथा भेरिफिकेसन संम्बन्धी तालिम प्रदान गर्ने,<br>२. राष्ट्रिय तथ्याङ्क कार्यालयले गणनाक्षेत्र नक्सा सुपरिवेक्षण तथा भेरिफिकेसनको लागि तथ्याङ्क समन्वय कार्यालयहरुलाई आवश्यक छानिएका नक्साहरु उपलब्ध गराउने,<br>३. सुपरिवेक्षण तथा भेरिफिकेसनकबाट प्राप्त नतिजा उपयोग गरी राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय आर्थिक गणना, २०८२ को लागि आवश्यक गणनाक्षेत्र नक्साहरु तयार गर्ने |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्क सुपरिवेक्षक/गणक/खरिदार |
| तालिम | २०८२ भाद्र तेश्रो हप्ता |
| भेरिफिकेशन कार्य | २०८२ भाद्र तेश्रो र चौथो हप्ता |
| नक्शा अद्यावधिक कार्य | २०८२ असोज |
| अपेक्षित उपलब्धी | राष्ट्रिय आर्थिक गणना, २०८२ को लागि तयार पारिने गणनाक्षेत्र नक्साहरुको लागि आधार प्राप्त गर्ने |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालयको भौगोलिक सूचना प्रणाली शाखामा अभिलेख राखिने। |

(२८) Database Management, Server Management, Networking, Data Security, Cyber Security, AI आदि सूचना प्रविधिसँग सम्बन्धित Cutting Edge Technology सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम

| | |
|---|---|
| परिचय | Database Management, Server Management, Networking, Data Security, Cyber Security तथा Artificial Intelligence (AI) सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमले डाटाबेसको डिजाइन, मर्मत र अप्टिमाइजेशन, सर्वरको स्थापना र व्यवस्थापन, नेटवर्क संरचना र ट्रबलशुटिङ, डाटा तथा साइबर सुरक्षाका उपायहरू, एआईका आधारभूत सिद्धान्त र प्रयोगका क्षेत्रहरूको ज्ञान प्रदान गर्ने कार्यक्रम हो। साथै, यसले क्लाउड कम्प्युटिङ, IoT र ब्लकचेन जस्ता नयाँ प्रविधिहरूको जानकारी दिई प्रविधिको नवीनतम प्रवृत्तिमा अद्यावधिक र सक्षम बनाउन मद्दत पुग्छ। |
| उद्देश्य | सूचना प्रणाली, सूचना प्रविधि, साइबर सुरक्षा, डाटा सुरक्षा, सर्भर तथा नेटवर्क व्यवस्थापन, AI जस्ता अत्याधुनिक प्रविधिसँग सम्बन्धित कार्यक्षमता अभिवृद्धि गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यवस्थापन सूचना प्रणाली, सूचना प्रविधि तथा लगत प्रशोधन शाखा |
| स्वीकृत बजेट | रु ५ लाख ७५ हजार |
| विधि | राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहतका तथ्याङ्क समन्वय कार्यालयका सूचना प्रविधिसंग दैनिकरुपमा काम गरि रहेका र गर्नु पर्ने TOR भएका कर्मचारीहरुकोलाई बाह्य स्रोत व्यक्तिबाट तालिम दिईने। |
| समय | भाद्र र मंसिर |
| अपेक्षित उपलब्धि | अत्याधुनिक प्रविधिसँग सम्बन्धित कार्यक्षमता अभिवृद्धि हुने |

(२९) तथ्याङ्क समन्वय कार्यालयहरुको सूचना प्रविधिको आवश्यकता पहिचान तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी सुपरीवेक्षण अनुगमन कार्य

| | |
|---|---|
| परिचय | तथ्याङ्क समन्वय कार्यालयहरूले प्रयोग गर्ने सूचना प्रविधि (हार्डवेयर, सफ्टवेयर, नेटवर्क आदि) का आवश्यकता पत्ता लगाउने र तथ्याङ्क संकलन, भण्डारण, विश्लेषण तथा वितरण प्रक्रियामा उचित व्यवस्थापन भइरेको छ कि छैन भन्ने कुरा नियमित रूपमा सुपरीवेक्षण (supervision) र अनुगमन (monitoring) गर्ने कार्य हो। यसले आवश्यक आईटी स्रोत, तथ्याङ्क व्यवस्थापन प्रणालीलाई दुरुस्त राख्नु हो। |
| उद्देश्य | तथ्याङ्क समन्वय कार्यालयहरुको सूचना प्रविधिको आवश्यकता पहिचान गर्दै जनशक्तिको क्षमता अभिवृद्धि गर्ने। |
| कार्यक्रम सञ्चालन गर्नेशाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यवस्थापन सूचना प्रणाली, सूचना प्रविधि तथा लगत प्रशोधन शाखा |
| स्वीकृत बजेट | रु ३ लाख ९१ हजार |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| विधि | तथ्याङ्क समन्वय कार्यालयको अनुगमन मार्फत |
| अवधि | आवश्यकता अनुसार सालभर |
| अपेक्षित उपलब्धि | तथ्याङ्क समन्वय कार्यालयहरुको सूचना प्रविधिको आवश्यकता पहिचान भई जनशक्तिको क्षमता अभिवृद्धि हुने |

**(३०) तथ्याङ्क समन्वय कार्यालयहरुको Website व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम**

| | |
|---|---|
| परिचय | तथ्याङ्क समन्वय कार्यालयहरूको वेबसाइटको प्रभावकारी सञ्चालन, सामग्री अद्यावधिक, सुरक्षा तथा प्रयोगमैत्री बनाउन आवश्यक सीप र ज्ञान प्रदान गर्दै कार्यालयहरुको वेवसाईट बनाउने र सो सम्बन्धि अभिमुखीकरण गर्ने कार्यक्रम हो । |
| उद्देश्य | तथ्याङ्क समन्वय कार्यालयहरुको तथ्याङ्क समन्वय कार्यालयहरूको वेबसाइट निर्माण तथा अभिमुखीकरण गर्ने । |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यवस्थापन सूचना प्रणाली, सूचना प्रविधि तथा लगत प्रशोधन शाखा |
| स्वीकृत बजेट | रु ४ लाख ७० हजार |
| विधि | अभिमुखिकरण कार्यक्रम गर्ने |
| अवधि | भाद्र र असोज |
| अपेक्षित उपलब्धि | तथ्याङ्क समन्वय कार्यालयहरुको क्षमता अभिवृद्धि तथा वेवसाईट निर्माण हुने |

**(३१) सहकारी सर्वेक्षण, २०८२**

| | |
|---|---|
| परिचय | नेपालमा रहेका सहकारी संस्था सम्बन्धी तथ्याङ्कको आवश्यकता र सहकारी क्षेत्रको अवस्थाको जानकारी प्राप्त गरी सहकारी क्षेत्रको प्रवर्धन गर्नका लागि आवश्यक नीति र योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क परिपूर्तिका लागि दोस्रो सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षण यस आर्थिक वर्षमा सञ्चालन हुन गइरहेको छ । |
| उद्देश्य | • सहकारी क्षेत्रबाट हुने वस्तु उत्पादन, बैंकिङ सेवा तथा व्यापार क्षेत्रको आय व्यय तथा कुल मुल्य अभिवृद्धिको अनुमान गर्ने<br>• सहकारी क्षेत्रबाट सिर्जित रोजगारीको अनुमान गर्ने<br>• सहकारी क्षेत्रमा भएको पुँजी निर्माणको अनुमान गर्ने<br>• सहकारी क्षेत्रको अवस्था, बनोट र प्रकृतिको बारेमा सूचना उपलब्ध गराउने<br>• राष्ट्रिय आयमा यस क्षेत्रले ओगटेको अंश र त्यसको परिमाण अनुमान गरी राष्ट्रिय अर्थतन्त्रमा पुर्याएको योगदान अनुमान गर्ने |



शाखा अधिकृत निर्देशक प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| | • नीति निर्माण, योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न नीति निर्माणकर्ता, सम्वन्धित निकाय, योजनाविद, प्राध्यापक, अनुसन्धानकर्ता, अध्येता तथा सरोकारवालाहरूलाई तथ्याङ्क उपलब्ध गराउने |
| कार्यक्रम सञ्चालनगर्ने शाखा/कार्यालय | सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा र प्रदेश राजधानी रहेका जिल्लामा अवस्थित तथ्याङ्क समन्वय कार्यालय (मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलाली) |
| स्वीकृत बजेट | रु ७७ लाख ५५ हजार |
| प्रश्नावली तथा निर्देशिका निर्माण | ✓ सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाको समन्वयमा तथ्याङ्क समन्वय कार्यालय, कास्की<br>✓ २०८२ भाद्रको दोश्रो हप्ता |
| नमूना छनौट | ✓ सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाको समन्वयमा तथ्याङ्क समन्वय कार्यालय, कास्की<br>✓ २०८२ असोजको दोश्रो हप्ता |
| प्रशिक्षक प्रशिक्षण तालिम | ✓ सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाको समन्वयमा तथ्याङ्क समन्वय कार्यालय मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलाली<br>✓ २०८२ असोजको तेश्रो हप्ता |
| सूची अद्यावधिक | ✓ सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखा र तथ्याङ्क समन्वय कार्यालय, धनुषा<br>✓ २०८२ कार्तिक दोश्रो र तेश्रो हप्ता |
| जनशक्ति | आवश्यकता अनुसार करारमा |
| नियुक्ति | २०८२ पुषको तेश्रो हप्ता |
| मुख्य तालिम | ✓ सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाको समन्वयमा तथ्याङ्क समन्वय कार्यालय मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलाली<br>✓ २०८२ पुषको तेश्रो हप्ता |
| मुख्य फिल्ड | ✓ सर्वेक्षण अनुमति तथा स्याम्पल डिजाइन शाखाको समन्वयमा तथ्याङ्क समन्वय कार्यालय मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलाली<br>• २०८२ पुषको चोथौ हप्ता देखि चैत्र सम्म |
| डाटा प्रविष्टि | २०८२ वैशाख |
| नतिजा प्रकाशन | २०८२ जेठ |
| अपेक्षित प्रतिफल | सहकारी संस्थहरुको कोरा तथ्याङ्क तथ्याङ्क समन्वय कार्यालयवाट तयार हुने र राष्ट्रिय तथ्याङ्क कार्यालयवाट सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षण २०८२को प्रतिवेदन तयार हुने। |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| अभिलेख प्रतिवेदन | तथ्याङ्क समन्वय कार्यालयबाट प्राप्त सहकारी संस्थाको कोरा तथ्याङ्कबाट राष्ट्रिय तथ्याङ्क कार्यालयले "सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षण, २०८२" नामक प्रतिवेदन तथा सूक्ष्म कोरा तथ्याङ्कको सम्बन्धित शाखामा अभिलेखित हुने |

(३२) तथ्याङ्कीय क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमः GDP compilation, तथ्याङ्क विश्लेषण गर्ने R र STATA सफ्टवेयर, तथ्याङ्क entry गर्ने सि एस प्रो (CSPro) लगायत तालिम

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयको तालिम शाखाले नियमित रुपमा राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका कार्यालयको क्षमता विकासको कार्य गर्दै आएको छ जस अन्तर्गत यस आर्थिक वर्ष १३ वटा तालिम र ३ वटा अभिमुखीकरणका कार्यक्रम हुनेछ। |
| उद्देश्य | तथ्याङ्कीय साक्षरता, तथ्याङ्क प्रविष्टि तथा विश्लेषण गर्ने सफ्टवेयर सम्बन्धी क्षमता सुदृढीकरण गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको तालिम शाखा |
| स्वीकृत बजेट | रु. ३७ लाख ५२ हजार |
| अपेक्षित प्रतिफल | तथ्याङ्कको कार्य गर्ने कर्मचारीको तथ्याङ्कको प्रस्तुतिकरण, विश्लेषण र प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि हुने |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्यसञ्चालन प्रक्रिया, आइपरेका समस्या र समाधानको लागि अपनाइएका उपाय सहितको प्रतिवेदन गर्ने र प्रभावकारीता मूल्याङ्कन गर्ने |

(३३) त्रैमासिक तथ्यङ्क गतिविधि, नेपालको तथ्याङ्कीय झलक २०८३, Nepal in Figure २०२६ र Statistical Year Book २०२५ प्रकाशन कार्य

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा मुलुकको समग्र आर्थिक, सामाजिक तथा पूर्वाधार विकास सम्बन्धी तथ्याङ्कको सङ्ग्रह गरी अद्यावधिक गर्दै आएको छ। |
| उद्देश्य | तथ्याङ्क प्रयोगकर्ता एवम् नीति निर्मातालाई मुलुकको समग्र आर्थिक, सामाजिक तथा पूर्वाधार विकार सम्बन्धी तथ्याङ्क एउटै सङ्ग्रहमा उपलब्ध गराउने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन, वितरण तथा पुस्तकालय शाखा |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| स्वीकृत बजेट | रु. ८ लाख ५० हजार |
| विधि | कार्यशाला मार्फत प्रतिवेदन तयारी |
| प्रतिवेदन प्रकाशन | ✓ त्रैमासिक तथ्याङ्क गतिविधिः २०८२ कार्तिक, माघ, चैत्र, असार<br>✓ नेपालको तथ्याङ्कीय झलक, २०८३: २०८३ असार<br>✓ Nepal in Figure, २०२६: २०८३ असार<br>✓ Statistical Year Book, २०२५: २०८३ असार |
| अपेक्षित प्रतिफल | मुलुकको समग्र आर्थिक, सामाजिक तथा पूर्वाधार विकास सम्बन्धी तथ्याङ्कको अद्यावधिक सङ्ग्रह हुने |

(३४) **Micro Data Catalogue अद्यावधिक कार्य**

| | |
|---|---|
| उद्देश्य | सरकारी कार्यालयबाट सञ्चालित गणना तथा सर्वेक्षणका दस्तावेजको अद्यावधिक गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन, वितरण तथा पुस्तकालय शाखा |
| स्वीकृत बजेट | रु. २ लाख ७० हजार |
| विधि | कार्यशाला मार्फत अद्यावधिक गर्ने |
| अद्यावधिक कार्य | २०८२ पुष |
| अपेक्षित प्रतिफल | सरकारी कार्यालयबाट सञ्चालित गणना तथा सर्वेक्षणका दस्तावेजको अद्यावधिक हुने |

(३५) **राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयको अनुशिक्षण सहितको अनुगमन कार्य**

| | |
|---|---|
| परिचय | सम्माननीय राष्ट्रपतिज्यूबाट आ.व. ०७५/७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा "अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ" भन्ने महत्वपूर्ण नीति बमोजिम "राष्ट्रिय तथ्यगत विवरण" तयारी तथा सञ्चालनको कार्यक्रम शुरु गरिएको हो। राष्ट्रिय तथ्यगत विवरण नेपालको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य विविध पक्षहरुको चित्रण हुने गरी तथ्याङ्क तथा सूचनाहरु संग्रह एवं प्रवाह गर्ने अनलाइनमा आधारित एउटा डाटा पोर्टल हो। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय
शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| उद्देश्य | • भूगोल, समाज र व्यक्तिसम्बन्धी आधारभूत तथ्याङ्कहरू सूचना प्रविधिको अधिकतम उपयोगबाट एकीकृतरूपमा संग्रह गरी अनलाइनमा आधारित डाटा पोर्टल तयार गर्ने<br>• नीति निर्माण, निर्णय प्रक्रिया, अनुगमन तथा मूल्यांकनमा आवश्यक पर्ने तथ्याङ्कको सहज आपूर्ति गराउने<br>• संघ, प्रदेश तथा स्थानीय तहको तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको समन्वय तथा स्तर निर्धारण शाखा, तथ्याङ्क समन्वय कार्यालय र स्थानीय तह |
| स्वीकृत बजेट | रु. १७ लाख ४ हजार |
| विधि | तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र भित्रका जिल्ला अन्तरगतका स्थानीय तह (NDP update नगरेका वा आंसिक Update गरेका) हरुमा गई यस कार्यका लागि तोकिएको कर्मचारी लगायत कार्यकारी अधिकृत समेतसँग भेट गरी NDP को उद्देश्य तथा महत्वबारे स्पस्ट पारी NDP Portal मा डाटा अपलोड गर्न लगाउने र उक्त कार्यमा केही समस्याहरु भए सहजिकरण गर्ने। |
| जनशक्ति | तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्क समन्वय अधिकारी/तथ्याङ्क अधिकृत/सुपरिवेक्षक र राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक/अधिकृत |
| अवधि | २०८२ साउन देखि २०८३ असार |
| अपेक्षित प्रतिफल | स्थानीय निकायबाट उत्पादन भएका तथ्याङ्कको राष्ट्रिय तथ्यगत विवरण (NDP) मा अद्यावधिक हुन गई समग्र तथ्याङ्क प्रवाह सुदृढ हुने। |
| अभिलेख प्रतिवेदन | स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पन्न गरी विस्तृत प्रतिवेदन तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको समन्वय तथा स्तर निर्धारण शाखामा पठाउने। |

### (३६) राष्ट्रिय तथ्याङ्क परिषद्को बैठक सञ्चालन

| | |
|---|---|
| परिचय | राष्ट्रिय योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा २६ सदस्य रहने गरी तथ्याङ्क ऐन, २०७९ बमोजिम परिषद्को गठन भएको छ। परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा २ पटक बस्ने ऐनमा तोकिएको छ। |
| उद्देश्य | राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धान सम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखा |



शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकृत

| | |
|---|---|
| स्वीकृत बजेट | रु. ३ लाख २४ हजार |
| विधि | परिषद्को बैठक बस्नुभन्दा कम्तीमा ४८ घण्टा अघि राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारीले बैठको ऐजेण्डा सहित पत्रिचार गर्ने। राष्ट्रिय तथ्याङ्क कार्यालयले परिषद्को सचिवालयको रुपमा कार्य गर्ने। |
| समय | २०८२ मंसिर र २०८३ जेठ |
| अपेक्षित प्रतिफल | राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धान सम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन हुने। |
| अभिलेख प्रतिवेदन | बैठकका निर्णय राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखाले सबै शाखा तथा तथ्याङ्क समन्वय कार्यालयलाई पठाउने तथा निर्णय सुरक्षित राख्ने। |

**(३७) त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा कार्यक्रम**

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखाले त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा नियमित रुपमा समय अविधिभित्र सञ्चालन गर्दै आएको छ। |
| उद्देश्य | • प्रगतिको मूल्याङ्कन, समस्याको तत्काल पहिचान र समाधान, स्रोत साधनको प्रयोगको अवस्था जानकारी गर्ने<br>• भविष्यको नीति, योजना र बजेट निर्माणका लागि आधार तयार गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखा |
| स्वीकृत बजेट | रु ६ लाख ४८ हजार |
| विधि | ✓ त्रैमासिक र अर्धवार्षिक समीक्षाः राष्ट्रिय तथ्याङ्क कार्यालयका शाखाका प्रतिनिधिको भौतिक उपस्थितिबाट र तथ्याङ्क समन्वय कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी भर्चुवल माध्यमबाट<br>✓ वार्षिक समीक्षाः राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक उपसचिव तथा तथ्याङ्क समन्वय कार्यालयका तथ्याङ्क समन्वय अधिकारीको भौतिक उपस्थितिमा |
| समय | ✓ त्रैमासिक समीक्षाः कार्तिक पहिलो हप्ता र बैशाख पहिलो हप्ता<br>✓ अर्धवार्षिक समीक्षाः माघ पहिलो हप्ता<br>✓ वार्षिक समीक्षाः साउन दोश्रो हप्ता |
| अपेक्षित प्रतिफल | कार्यक्रमको प्रगति मूल्याङ्कन गर्दै समयमै समस्या पहिचान गरी निर्धारित लक्ष्य प्राप्त हुने |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालयको वेवसाइट र योजना शाखामा समेत रहने |



शाखा अधिकृत निर्देशक उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख तथ्याङ्क अधि

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

(३८) वार्षिक प्रगति प्रतिवेदन प्रकाशन

| | |
|---|---|
| परिचय | सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ तथा तथ्याङ्क ऐन, २०७९ को दफा ३३ बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयले वार्षिक प्रगति प्रतिवेदन प्रत्येक आर्थिक वर्षको कार्तिक महिनाभित्रमा गर्नुपर्दछ। |
| उद्देश्य | आर्थिक वर्ष २०८१/८२ का प्रमुख उपलब्धी, भौतिक तथा वित्तीय प्रगति, माइलस्टोनको प्रगति, बेरुजु र बेरुजु फछर्यौटको अवस्था, समस्या/चुनौती तथा समाधानका उपाय/सिकाइहरु मूल्याङ्कन गरी आगामी कार्यक्रम लागि पृष्ठपोषण गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखा र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु १० लाख ८० हजार |
| विधि | ✓ त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षामा प्रस्तुत भएका प्रस्तुती, छलफल तथा निर्देशनहरुका आधारमा कार्यशाला/छलफलबाट प्रतिवेदन तयार गर्ने<br>✓ योजना शाखाले तथ्याङ्क समन्वय कार्यालयलाई वार्षिक प्रतिवेदन तयारीको लागि फर्म्याट उपलब्ध गराउने |
| प्रतिवेदन प्रकाशन | ✓ राष्ट्रिय तथ्याङ्क कार्यालयः भाद्र अन्तिक हप्ता<br>✓ तथ्याङ्क समन्वय कार्यालयः कार्तिक पहिलो हप्ता |
| अपेक्षित प्रतिफल | राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत सँग सम्बन्धित समस्याहरुको पहिचान भई आगामी वर्षमा निर्धारित लक्ष्य प्राप्तिको लागि दिशानिर्देशन हुने। |
| अभिलेख प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयको वेबसाइटमा राख्ने |

(३९) तथ्याङ्क समन्वय कार्यालयहरुको अनुगमन

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयको समग्र विकास गर्न तथा नियमन सुनिश्चित गर्न नियमित रुपमा अनुगमन कार्य गर्नेछ। |
| उद्देश्य | • तथ्याङ्क समन्वय कार्यालयहरुको अनुगमनमार्फत संस्थागत क्षमता अभिवृद्धि गर्ने,<br>• तथ्याङ्क उत्पादन, समन्वय तथा गुणस्तरमा सुधार ल्याउने, र<br>• तथ्याङ्क सम्बन्धी कानुनी व्यवस्था पालना भएको सुनिश्चित गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | ✓ राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी, उप-प्रमुख तथ्याङ्क अधिकारी<br>✓ योजना शाखाको निर्देशक र अधिकृत |



शाखा अधिकृत
निर्देशक
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकारी

| | |
|---|---|
| | ✓ प्रशासन शाखाका उपसचिव र अधिकृत<br>✓ आर्थिक प्रशासन शाखाको उपसचिव र अधिकृत |
| स्वीकृत बजेट | रु १४ लाख ८८ हजार |
| विधि | ✓ सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ बमोजिम तथ्याङ्क समन्वय कार्यालयहरुको निरीक्षण, निर्देशन, अनुगमन तथा मूल्याङ्कलन।<br>✓ तथ्याङ्क समन्वय कार्यालयहरुबाट सञ्चालित तथ्याङ्कीय क्रियाकलापहरुको नियमित अनुगमन। |
| अवधि | बजेटको परिधिभित्र रही आवश्यकता अनुसार वर्षको कम्तीमा एक पटक |
| अपेक्षित प्रतिफल | ✓ तथ्याङ्क समन्वय कार्यालयहरुको क्षमता वृद्धि हुने।<br>✓ तथ्याङ्कीय कार्यसम्पादनमा एकरुपता हुनुका साथै अपेक्षित लक्ष्य समयमै हासिल हुने |
| अभिलेख प्रतिवेदन | अनुगमनमा जाने पदाधिकारीले कानुनले निदृष्ट गरेको फाराम भरी राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखामा प्रतिवेदन पेस गर्नुपर्ने। योजना शाखाले सोको अभिलेख राखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विकास गरेको पोर्टलमा आवश्यक विवरण भर्ने। |

(४०) तथ्याङ्क दिवस मनाउने

| | |
|---|---|
| परिचय | तथ्याङ्कको महत्व, प्रयोग र जनचेतना प्रवर्द्धनका लागि हरेक वर्ष पुष १७ गते तथ्याङ्क दिवस मनाइनेछ। |
| उद्देश्य | तथ्याङ्कको प्रयोगलाई प्रोत्साहन गर्ने, तथ्याङ्कप्रतिको विश्वास जगाउने, तथ्याङ्कको महत्वबारे आम जनतालाई सचेत बनाउने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु ९ लाख ९० हजार |
| विधि | विभिन्न कार्यक्रम सञ्चालन |
| अवधि | २०८२ पुष १७ |
| अपेक्षित प्रतिफल | तथ्याङ्क प्रयोगमा सर्वसाधारण र नीति निर्माताको चासो तथा संलग्नता बढ्ने। |
| अभिलेख प्रतिवेदन | तथ्याङ्क समन्वय कार्यालयले कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखामा पठाउने। योजना शाखाले राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयको प्रतिवेदन राख्ने। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय
शाखा अधिकृत
उप-प्रमुख तथ्याङ्क अधिकारी
प्रमुख तथ्याङ्क अधिकारी

## (४१) तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम

| | |
|---|---|
| परिचय | राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सबल बनाउन तथ्याङ्क प्रदान गर्ने संस्था तथा व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ। |
| उद्देश्य | तथ्याङ्क सङ्कलन, व्यवस्थापन र प्रयोगलाई प्रभावकारी बनाउन तथ्याङ्क प्रदायकहरुसँग सहकार्य र समन्वय प्रवर्द्धन गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु १० लाख २६ हजार |
| विधि | अन्तरक्रिया गोष्ठी, छलफल, प्रस्तुतीकरण र प्रश्नोत्तर कार्यक्रम |
| अवधि | २०८२ भाद्र चौथो हप्ता र मंसिरको चौथो हप्ता |
| अपेक्षित प्रतिफल | ✓ तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग समन्वय र विश्वासको वृद्धि हुने<br>✓ गुणस्तरीय तथ्याङ्क उत्पादनमा सुधार हुने |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि तथ्याङ्क समन्वय कार्यालयले प्रतिवेदन तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखामा पेश गर्ने। |

## (४२) स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम

| | |
|---|---|
| परिचय | तथ्याङ्क सम्बन्धी कानुनी प्रबन्ध, राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्क सम्बन्धी मान्य सिद्धान्त, तथ्याङ्कीय विधि, परिभाषा, अवधारणा, वर्गीकरण, राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत तथ्याङ्क समन्वय कार्यालयको सांगठनिक संरचना, काम कर्तव्य र अधिकार, निर्धारित तथ्याङ्क प्रणाली र यसमा आबद्ध निकाय र तिनको काम कर्तव्य र अधिकार, तथ्याङ्क उत्पादन, वितरण र भण्डारण तथा तथ्याङ्क प्रयोग लगायतका विषयमा सरोकारवालाई जानकारी गराउने यस कार्यक्रम राखिएको हो । |
| उद्देश्य | तथ्याङ्क साक्षरता अभिवृद्धि गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु ४८ लाख ६० हजार |
| विधि | तथ्याङ्कीय साक्षरता सम्बन्धी सन्दर्भ सामाग्री तयार गरी कार्यशाला मार्फत प्रस्तुतीकरण राख्ने। |

| | |
|---|---|
| अवधि | साउनको चौथो, भाद्रको दोश्रो, असोजको चौथो र कार्तिकको तेश्रो हप्ता |
| अपेक्षित प्रतिफल | तथ्याङ्कको पैरवी हुने |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्यसञ्चालन प्रक्रिया, आइलागेका समस्या र समाधानको लागि अपनाइएका उपाय सहितको प्रतिवेदन तयार गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको योजना शाखामा पेश गर्ने। |

(४३) पालिका प्रोफाइल तयारी तथा प्रकाशन कार्यक्रम

| | |
|---|---|
| परिचय | स्थानीय तहको तथ्याङ्क आधार (Data Base) तयारीमा सहयोग हुने गरी प्राकृतिक, भौतिक, आर्थिक, सामाजिक तथा जनसाङ्ख्यिक विवरण सहितको पालिका तथ्यगत विवरण तयार गरी प्रकाशन गरिनेछ। |
| उद्देश्य | पालिकाको तथ्याङ्क आधार (Data Base) स्थानीय सरकारलाई योजना तर्जुमा, पुनरावलोकन, अनुगमन तथा मूल्याङ्कन गर्न उपयोगी हुने डाटा वेस तयार गर्ने। |
| कार्यक्रम सञ्चालन गर्ने शाखा/कार्यालय | तथ्याङ्क समन्वय कार्यालय |
| स्वीकृत बजेट | रु ३२ लाख ४० हजार |
| विधि | राष्ट्रिय जनगणना २०७८, कृषि गणना २०७८, नेपाल जीवनस्तर सर्वेक्षण चौथो, नेपाल जलवायु परिवर्तन सर्वेक्षण २०२२, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट उत्पादित स्थानीय तहका तथ्याङ्क, सरकारी निकाय/संघ संस्थाका प्रशासनिक अभिलेखलाई प्रविष्ट, प्रशोधन, तालिकीकरण, विश्लेषण गरी पुस्तिका तयार गर्ने। |
| अवधि | असोजको चौथो हप्ता र कार्तिकको चौथो हप्ता |
| अपेक्षित प्रतिफल | पालिकाको तथ्याङ्क आधार (Data Base) तयार हुने |
| अभिलेख प्रतिवेदन | कार्यक्रम सम्पन्न भएपछि कार्यसञ्चालन प्रक्रिया, आइलागेका समस्या र समाधानको लागि अपनाइएका उपाय सहितको प्रतिवेदन तयार गर्ने। |



शाखा अधिकृत

निर्देशक

उप-प्रमुख तथ्याङ्क अधिकारी

प्रमुख तथ्याङ्क अधिकारी